# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ४६ | काठमाडौं | बिहीबार, २६ जेठ २०७९ | Prabhab National Daily, | Thursday, June 9, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


श्रमिकको पुन:एकीकरण परियोजना

## स्वीट्जरल्याण्डको ८६ करोड सहयोग




■ प्रभाव संवाददता

**काठमाडौं–** वैदेशिक रोजगारबाट स्वदेश फर्केका श्रमिकलाई पुन:एकीकरण गर्ने कार्यक्रम सञ्चालन गर्न स्वीट्जरल्याण्ड सरकारले आर्थिक सहायता उपलब्ध गराउने भएको छ ।

अर्थ मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा सोसम्बन्धी सम्झौतापत्रमा नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारका अधिकारीबीच हस्ताक्षर भएको छ । सम्झौतामा नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयको अन्तर राष्ट्रिय सहायता समन्वय महाशाखाका प्रमुख ईश्वरीप्रसाद अर्याल र काठमाडौंस्थित स्वीट्जरल्याण्ड दूतावासकी चार्ज डी अफेयर्स सिल्भाना होगले हस्ताक्षर गरे ।

सम्झौताअनुसार प्रदेश १ र मधेस प्रदेशका २० स्थानीय तहमा पुन: एकीकरण कार्यक्रम सञ्चालन गर्न स्वीट्जरल्याण्ड सरकारले करिब ८६ करोड १३ लाख रूपैयाँ उपलब्ध गराउने छ । उक्त सहयोग नेपाल सरकारको खर्च प्रणालीबाट कार्यान्वयनमा जानेछ । स्वदेश फिर्ती आप्रवासी श्रमिकलाई सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पुन:एकीकरण गर्न परियोजनाले सघाउ पुऱ्याउनेछ ।

वैदेशिक रोजगारबाट फर्केका श्रमिकको पुन:एकीकरण गरी उनीहरूसँग भएको ज्ञान, सीप, पूँजी, अनुभवको सदुपयोग गर्दै मुलुकको विकासमा लगाउने परियोजनाको मुख्य उद्देश्य रहेको अर्थ मन्त्रालयले जनाएको छ । उक्त परियोजना जुलाई २०२२ बाट सुरु भएर पाँच वर्षसम्म चल्नेछ ।

सो अवसरमा अर्थ मन्त्रालयका सहसचिव अर्यालले वैदेशिक रोजगारबाट फर्केका श्रमिकलाई समाजमा पुन:एकीकरणका लागि यो परियोजना अत्यन्त महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे । परियोजनाले घरफिर्ती आप्रवासी श्रमिकको सामाजिक, राजनीतिक तथा आर्थिक जीवनमा परिवर्तन ल्याउने उनको भनाइ छ । सहसचिव अर्यालले नेपालको आर्थिक सामाजिक विकासमा आप्रवासी श्रमिकको ज्ञान, सीप, पुँजी र अनुभवको सदुपयोग हुने बताए । उनले विकास सहायताका लागि स्वीट्जरल्याण्ड सरकारप्रति आभार प्रकट गरे ।

काठमाडौंस्थित स्वीट्जरल्याण्ड दूतावासकी चार्ज डी अफयेर्स साल्भानाले नेपालको विकासका लागि आप्रवासी श्रमिकको ज्ञान, सीप, अनुभवन तथा पुँजी प्रयोगको व्यापक सम्भावना रहेको बताइन् । उनले आप्रवासी श्रमिकको व्यवस्थापनसम्बन्धी नीति तथा योजना निर्माणमा स्वीट्जरल्याण्ड सरकारको सहयोग रहने प्रतिबद्धता व्यक्त गरिन् ।

# फोहोरको कहर

**स्थानीयले यसअघि सरकारले गरेका सहमति कार्यान्वयन नभएसम्म फोहोर फाल्न नदिने अडान राखेका छन् । उनीहरूले पालिकाका जनप्रतिनिधिले गरेको सहमतिबारे आफूहरूलाई जानकारी नै नभएको र उक्त सहमति आफूहरूका लागि मान्य नह'ने बताउँदै आएका छन् ।**

■ प्रभाव संवाददाता

**काठमाडौं–** यतिबेला काठमाडौं उपत्यकाका सडक, गल्ली-गल्लीमा फोहोरको थुप्रो छ । स्थानीय तहको निर्वाचन ताकादेखि नै फोहोर नियमित उठ्न सकेको छैन । फोहोरका कारण काठमाडौं दुर्गन्धित मात्र भएको छैन संक्रमणको जोखिम पनि उच्च भएको छ ।

यही समस्यालाई समाधान गर्न सोमबार सहरी विकास मन्त्रालय, काठमाडौं महानगरपालिका, धुनिवेंशी नगरपालिका धादिङ तथा ककनी गाउँपालिका नुवाकोटका प्रतिनिधिबीच सहमति भयो । जसअनुसार मंगलबार बिहानैदेखि काठमाडौंका सडकमा थुप्रिएको फोहोर उठ्न थाल्यो । बिहानै फोहोर बोकेका गाडी नुवाकोटको सिसडोल र बञ्चरेडाँडा पुगे ।

तर, स्थानीयवासीले स्थानीय तहका जनप्रतिनिधिसँग गरेको सहमति नमान्ने भन्दै फोहोर फाल्न दिएनन् । त्यसपछि प्रहरीले बल प्रयोग गऱ्यो । आधा दर्जनभन्दा बढीलाई नियन्त्रणमा लियो । मंगलबार काठमाडौंबाट फोहोर बोकेर गएका गाडीलाई स्थानीयले बाटोमै रोकेर अवरोध गरेका थिए । पछि प्रहरी परिचालन गरेर बञ्चरेडाँडामा फोहोर विसर्जन गरिएको थियो ।

बुधबार पनि उसैगरी बिहानै फोहोर बोकेका गाडीको ताँती बञ्चरेडाँडातर्फ सोझियो । अघिल्लो दिनभन्दा प्रहरीको संख्या पनि दोब्बर पारियो । तर, स्थिति मंगलबारको भन्दा झन् तनावग्रस्त बन्यो । आफूहरूका माग सम्बोधन नभएकाले फोहोर फाल्न नदिने भन्दै स्थानीयहरूले अवरोध गरे । त्यसक्रममा प्रहरी र स्थानीयबीच झडपसमेत भयो ।

स्थानीयसँगको झडपका क्रममा प्रहरी सहायक निरीक्षक (असई)सहित तीन जना प्रहरी कर्मचारी घाइते भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, एसपी दिनेशराज मैनालीले जानकारी दिए । उनीहरूलाई उपचारका लागि काठमाडौं ल्याइएको प्रहरीले जनाएको छ ।

प्रहरीले स्थिति नियन्त्रणमा लिन दुई राउण्ड अश्रुग्यास र तीन राउण्ड हवाई फायर गरेको थियो । स्थानीयवासीले ढुंगामुढा गर्दा १२ वटा गाडीमा क्षति पुगेको छ । प्रहरीले बञ्चरेडाँडा संघर्ष समितिका संयोजक श्रीराम ढुंगाना, तपन उप्रेतीसहित चार जनालाई नियन्त्रणमा लिएको छ ।



नुवाकोटको सिसडोलमा काठमाडौंको फोहोर लिएर पुगेका ट्रिपरहरु ।

### फोहोर नफाली फर्किए गाडी

काठमाडौं उपत्यकाको फोहोर विसर्जन गर्न बञ्चरेडाँडा पुगेका डेढ सय ट्रिपर फोहोर नफाली फर्किएका छन् । स्थानीयवासीको अवरोधपछि फोहोर नफालिकनै ट्रिपर काठमाडौं फर्किएका हुन् । केही गाडीले ल्याण्डफिल्ड साइटमा फोहोर खसाले पनि स्थानीयबासिन्दाले ढुंगामुढा गर्न थालेपछि धेरैजसो गाडी फोहोरसहित फिर्ता गरिएको हो ।

सोमबार काठमाडौं महानगर, सहरी विकास मन्त्रालय र काठमाडौं, धादिङ र नुवाकोटका जनप्रतिनिधिबीच सहमति गरेर मंगलबारदेखि फोहोर बञ्चरेडाँडामा विसर्जन गर्ने भनिएको थियो । सोही सहमतिअनुसार फोहोर त्यहाँ लगिएको थियो । तर, स्थानीयले अवरोध गरेपछि फोहोर विसर्जन हुन सकेन । स्थानीयको अवरोधपछि प्रहरी खटाएर बल प्रयोग गर्न खोजे पनि सफल भने हुन सकेन । स्थानीयले यसअघि सरकारले गरेका सहमति कार्यान्वयन नभएसम्म फोहोर फाल्न नदिने अडान राखेका छन् । उनीहरूले पालिकाका जनप्रतिनिधिले गरेको सहमतिबारे आफूहरूलाई जानकारी नै नभएको र उक्त सहमति आफूहरूका लागि मान्य नहुने बताउँदै आएका छन् ।

सोमबारको सहमतिमा फोहोरलाई स्रोतमै छुटचाउने प्रक्रिया सुरु गर्दै हाल उपत्यकामा थुप्रिएको फोहोरलाई अहिलेकै अवस्थामा बढीमा असार मसान्तसम्म उठाएर लैजानका लागि मंगलबारदेखि नै उठाउने र माटोले फोहोर छोप्ने व्यवस्था मिलाउने भनिएको थियो। (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## गल्फ एसिया म्यानपावरमा विभागको छापा

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले काठमाडौंको बत्तीसपुतलीमा रहेको गल्फ एसिया म्यानपावर प्रालिमा छापा मारेको छ । वैदेशिक रोजगारीका लागि मलेसिया जाने नेपाली कामदारसँग अनधिकृत रूपमा रकम लिएको जानकारीका आधारमा विभागले उक्त म्यानपावरमा बुधबार छापा मारेको हो ।

मलेसियाको स्टोल इन्डस्ट्रिजमा साधारण कामदार पठाउन पूर्वस्वीकृति लिएको म्यानपावरले अनधिकृत रूपमा कामदारसँग पैसा लिइरहेको भन्ने सूचना पाएपछि विभागका निर्देशक डम्बर सुनुवारको नेतृत्वमा अनुगमन शाखाका दुई जना अधिकृत र प्रहरीसहितको टोलीले छापा मारेको थियो । निर्देशक सुनुवारका अनुसार मलेसियामा ५० जना पुरुष र ५० जना महिला कामदार पठाउन पूर्वस्वीकृति लिएर सबै प्रक्रिया पूरा गरेको म्यानपावरले कानुनविपरीत मोटो रकम असुल गरिरहेको भन्दै केही कामदार विभागमा पुगेका थिए ।

'म्यानपावरले पठाउनु पहिल्यै ५०हजार रूपैयाँलिएको र फेरि उड्ने बेला भयो दुई/तीन लाख रूपैयाँ बुझाएमात्रै जान दिइन्छ भनेपछि पीडितहरू अब के गर्ने भन्दै विभाग आउनुभयो,'निर्देशक सुनुवारले भने, 'यत्ति जानकारी पाएपछि हाम्रो टोली म्यानपावर कार्यालय पुग्यो र आवश्यक खानतलासीपश्चात् कम्पनीकै सञ्चालक राजेश यादवले पैसा बुझिलिएको पाइयो ।' कामदारसँग लिएको पैसा कार्यालयभित्र नभेटिएपनि सुरक्षाकर्मीले सोधखोज गर्दा बाहिर कम्पाउण्डमा फालिएको अवस्थामा पैसा बरामद गरिएको सुनुवारले बताए ।

यसअघि सोही म्यानपावरबाट ३५ जना रोजगारीकालागि गइसकेको र १७ जना यही जेठ २७ गते उड्नुपर्ने तालिका रहेको विभागले जनाएको छ । ती १७ जनालाई उडाउने आवश्यक प्रबन्ध मिलाउन र वैदेशिक रोजगार ऐन २०६४ को दफा ५३ विपरीत कसूर गरेका कारण म्यानपावर कम्पनीका सञ्चालकलाई विभागमा हाजिर हुन निर्देशन दिइएको निर्देशक सुनुवारले जानकारी दिए ।

## आगामी चार महिनाभित्र आइपिओमा आरक्षण

■ प्रभाव संवाददाता

**काठमाडौं-** वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि आगामी चार महिनाभित्र साधारण सेयर (आइपिओ) भर्न आरक्षणको व्यवस्था हुने भएको छ ।सरकारले आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेटमा घोषणा गरेको १० प्रतिशत आरक्षण अबको चार महिनाभित्र कार्यान्वयनमा आउने भएको हो ।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले बजेटमा घोषणा भएअनुसार वैदेशिक रोजगारीमा रहेका नेपालीलाई चार महिनाभित्र आइपिओआरक्षणमा सहभागी गराउने प्रणालीको व्यवस्था गर्ने बताए । बोर्डको ३०औं वार्षिकोत्सवको अवसरमा बुधबार आफ्नो धारणा राख्दै उनले चार महिनाभित्र साना तथा मझौला कम्पनीहरूका लागि 'एसएमई प्लेटफर्म' सञ्चालनमा ल्याएर रोजगारीका लागि विदेशमा रहेका नेपालीलाई सेयरमा लगानी गर्ने व्यवस्था लागू गरिने बताए ।

हमालले धितोपत्र बोर्डले लगानीकर्ताको समस्या बुझेको र समाधानका लागि पहल भइरहेको बताए । 'हाल सेयर कर्जामा रहेको व्यवस्थाको विषयमा लगानीकर्ताबाट आइरहेको गुनासो हामीले बुझेका छौं,' उनले भने । अहिले लगानीकर्ताको मानोविज्ञान उकास्न आवश्यक भइसकेकोप्रति उनले जोड दिए ।

हमालले अबको चार महिनामा साना तथा मझौला कम्पनीलाई छुट्टै कारोबार गर्ने प्रणाली 'एसएमई प्लेटफर्म' सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'आवश्यक पूर्वतयारी गरेर वैदेशिक रोजगारीमा गएकालाई प्राथमिक सेयरमा छुटचाइएको १० प्रतिशत सेयर पाउने अवस्था बनाउन कटिबद्ध छु ।' हमालले गैरआवासीय नेपाली (एनआरएन)लाई सोही समयदेखि आरक्षणमा समावेश गरिने बताए ।

## श्रममन्त्रीले गरे इपिएस परीक्षाको निरीक्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत सञ्चालन हुने कोरियाली भाषा परीक्षा प्रभावकारी र विश्वसनीय रहेको बताएका छन् । बुधबार ललितपुरको भैँसेपाटीमा सञ्चालन भइरहेको कोरियन भाषा परीक्षाको निरीक्षण गर्न पुगेका मन्त्री श्रेष्ठले सरकारी तवरबाट श्रमिक पठाउन सञ्चालन हुने भाषा परीक्षा प्रणाली प्रभावकारी र विश्वसनीय रहेको बताए ।

उनले इपिएस भाषा प्रणालीलाई वैज्ञानिक बनाउँदै लगेको भन्दै कोरियाको मानव संसाधन विकास विभाग (एचआरडी) को प्रशंसासमेत गरे । अहिलेसम्म इपिएस परीक्षाको निष्पक्षताप्रति नेपालीहरूको गहिरो विश्वास रहेको मन्त्री श्रेष्ठले बताए ।

वैदेशिक रोजगार विभागअन्तर्गत इपिएस शाखाले कोरिया जानका लागि आवेदन दिएकामध्ये कृषि तथा पशुपालन क्षेत्रको भाषा परीक्षा सञ्चालन गरिरहेको छ । कृषि तथा पशुपालन र उत्पादनमुलक समूहमा रोजगारीका लागि कोरिया जान४४ हजार ८५३ युवाले आवेदन दिएका छन् ।

कृषि तथा पशुपालनक्षेत्रमा जान आवेदन दिने १० हजार ८५८ जनामध्ये छ हजार ५९७ जनाको परीक्षा अहिले भइरहेको छ । बाँकी चार हजार २६१ जनाको आगामी असार १३ गतेबाट सुरु हुनेइपिएस कोरिया शाखाले जनाएको छ । त्यस्तै उत्पादनमुलक समूहमा ३३ हजार ९९५ जनाले आवेदन दिएका छन् । उनीहरूको परीक्षा मिति तोकिएको छैन ।

सन् २००७ मा दुई देशका सरकारबीच श्रमका लागि नेपाली श्रमिक लैजाने सहमति भएको थियो । श्रमिकहरू जाने क्रम सन् २००८ बाट सुरु भएको थियो । कोरियामा उत्पादन र कृषि तथा पशुपालन गरी दुई क्षेत्रमा नेपाली कामदार कार्यरत छन् । मन्त्री श्रेष्ठलेकोभिड १९ कारण सन् २०२० देखि रोकिएको इपिएस प्रणाली छिट्टै नवीकरण हुने बताए ।




# ‘किसानलाई मल, विद्यार्थीलाई पुस्तक र पीडितलाई न्याय खोइ ?’

■ प्रकाश सिलवाल/सिवी अधिकारी

**काठमाडौं–** ‘छोरीले जन्म लिनु नै पाप हो त ? दिनानुदिन सुनिनसक्नु, हेरिनसक्नु घटना बढिरहेका छन्,’ महिला हिंसा, हत्या र बलात्कारका घटनाप्रति लक्ष्य गर्दै भावुक मुद्रामा सांसद आशाकुमारी विकले प्रश्न गरिन्, ‘हिजोमात्रै सुर्खेतमा सात वर्षीया बालिका गृश्म विक चार दिनपछि मृत फेला परेको र बाँकेको खजुरामा जन्मदिन मनाउन गएकाको सामूहिक बलात्कार जस्ता जघन्य अपराध गर्ने दोषीलाई कारबाही गर्नुको साटो सरकार किन टुलुटुलु हेरेर बसिरहेको छ ?’

जनताका आवाजलाई जनप्रतिनिधिले मुखरित गर्ने सार्वभौम संसद्मा सांसदहरूले निकै गम्भीरतापूर्वक यस्ता प्रश्न उठाइरहेका छन् । संसदीय प्रणालीअनुसार व्यवस्थापिकाको जिम्मेवारी पाएको संसद्मा उठेका आवाज र दिइएका निर्देशनलाई कार्यान्वयन गर्नु कार्यपालिका (सरकार) को दायित्व हुन्छ ।

बाँकेको राप्तीसोनारी निवासी १६ वर्षीया किशोरीमाथि बाँकेकै वैजनाथ बस्ने हेमराज थारूले आफ्नो जन्मदिनको कार्यक्रममा आमन्त्रण गरी अन्य छजना साथीहरूसँग फूलबारी भन्ने स्थानमा लगेर सामूहिक बलात्कार गरेका थिए । त्यसो त गृहमन्त्री बालकृष्ण खाणले महिला हिंसाका तीलगायत छवटा घटनाबारे सभामुखको रुलिङबमोजिम प्रतिनिधिसभामा मंगलबार जानकारी गराएका थिए ।

गृहमन्त्री खाणले बाँकेको राप्तीसोनारी निवासी १६ वर्षीया किशोरीमाथि भएको सामूहिक बलात्कारको घटना ज्यादै दुःखद र निन्दनीय भएको उल्लेख गर्दै बलात्कारमा संलग्नलाई प्रहरीले पक्राउ गरेर कारबाही प्रक्रिया अगाडि बढाइसकेको बताएका थिए । उनले खजुराको धनौजीको प्रहरी चौकीले घटनामा संलग्न सात जनालाई पक्राउ गरेको र स्थानीय प्रशासनको सहयोगमा पीडित किशोरीको उपचार भइरहेको जानकारी दिएका थिए ।

‘यौन हिंसालाई दुरुत्साहन गर्ने, बलात्कार र सामूहिक बलात्कारमा प्रताडित भएका नारीलाई सम्मानजनक जीवनयापनका लागि वातावरण तयार गर्नुपर्ने र त्यसका लागि आवश्यक कानुनी प्रावधानलाई संशोधन र परिमार्जन गर्नुपर्ने आवाजसँग सहमत छु,’ गृहमन्त्रीको भनाइ थियो । सरकारको उक्त प्रतिबद्धतालाई स्मरण गराउँदै आज पनि सांसदहरूले ती घटनामा प्रश्न उठाएका हुन् ।

बुधबारको बैठकमा सांसद गंगा चौधरीले मुलुकमा हत्या, बलात्कारलगायतका घटना बढिरहेको भन्दै सरकारको ध्यानाकर्षण गराइन् । ‘बर्दियाको मधुवनकी अस्मिता थारू खेतमा पानी पुऱ्याउन गएकी घाइते भएर उपचाररत हुनुहुन्छ, जेठ १० गते कौशिल्या सिंहको पनि बाघको आक्रमणबाट मृत्यु भएको छ, पटक-पटक गरेर २३ जनाको हत्या भइसक्दा पनि सम्बन्धित निकाय मौन बसेपछि जनताले आवाज उठाउँदा उनीहरूप्रति प्रहरी प्रशासनले हस्तक्षेप गरेको घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँछु,’ उनले भनिन् ।

सांसद अमृता थापाले देशमा बालिका र किशोरीले बाँच्न पाउनुपर्ने वातावरण सिर्जना हुनुपर्ने बताइन् । हालै इटहरीमा १५ वर्षीया किशोरीलाई विराटनगरका १३ वर्षीय विनोदकुमार मण्डलले गाडी चडाउने बाहनामा बेपत्ता बनाएको घटनाको अहिलेसम्म प्रहरी प्रशासनले चासो नदिएको भन्दै उनले तत्काल सत्यतथ्य पत्ता लगाई दोषीमाथि कारबाही गर्न माग गरिन् ।

शून्य समयमा बोल्ने सांसदले देशमा हत्या, हिंसा, बलात्कारलगायतका घटना दिनप्रतिदिन बढिरहेको तथा परीक्षाको मुखमा पनि देशभरका विद्यार्थीले पाठ्यपुस्तक पाउन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराए । जघन्य अपराधका दोषीलाई कडा कारबाही गर्न र तत्काल पाठ्यपुस्तक छापेर देशभरका विद्यालयमा पुऱ्याउने व्यवस्था मिलाउन जोडदार माग गरे । सांसद् उमाशंकर अरगरियाले किसानलाई मल नभएकामा चिन्ता व्यक्त गर्दै बर्सेनि यस्तो समस्या किन आउँछ भनेर प्रश्न गरे ।

सांसदहरूले कृषिसँग सम्बन्धित विषयमा सरकारले बजेटमा केही राम्रा योजना ल्याएको भन्दै त्यसको व्यावहारिक कार्यान्वयनतर्फ ध्यान दिन आग्रह गरे । बुधबार विभिन्न चार मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसद योगेशकुमार भट्टराईले कृषि उत्पादन प्रवर्द्धन र प्रोत्साहनसम्बन्धी कार्यक्रमलाई कार्यान्वयनको चरणमा लैजान माग गरे ।

उनले बजेटमा लोकप्रिय कार्यक्रमको रूपमा किसान पेन्सनको अवधारणा ल्याइएकामा सरकारलाई धन्यवाद दिँदै कति वर्षसम्मका किसानलाई यस्तो पेन्सन दिने भन्ने व्यवस्था अपुष्ट रहेको बताए । उनले किसानले पेन्सन पाउन उनीहरूको सूचीकरण र वर्गीकरण गरिनु अपरिहार्य भएको उल्लेख गरे । सांसद भट्टराईले वर्षायाम सुरु भइसक्दा पनि अहिले किसानले मल पाउने अवस्था नरहेको भन्दै तत्काल व्यवस्था गर्न माग गरे ।

सांसद गगनकुमार थापाले बजेटले कृषिलाई उच्च प्राथमिकता दिइनु प्रसंशनीय विषय रहेको भन्दै उत्पादनमूलक उद्योग प्रवर्द्धन र निर्यातजन्य वस्तुको प्रोत्साहनमा पनि ध्यान दिनुपर्नेमा जोड दिए । उनले कृषि उत्पादन बढाउन किसानलाई पर्याप्त मल, आधुनिक उपकरणको सहजीकरणजस्ता विषयलाई सरकारले सहुलियत दिनुपर्ने खाँचो औंल्याए । मल मौज्दात सीमित भएको, हरेक सरकारको पालामा मलको समस्या उस्तै रहने गरेको भन्दै यसको दीर्घकालीन समाधानका लागि विशेष कार्यक्रम ल्याइनुपर्ने उनले बताए । सांसद अमनलाल मोदीले बजेटले किसानलाई उत्साहित बजाएको भन्दै कृषि उपज खपत र बजारीकरणमा ध्यान दिनुपर्ने खाँचो औंल्याए । *रासस*

## महिला हिंसा अन्त्यको माग

**काठमाडौं (प्रसं)–** राष्ट्रिय सभाका सांसदले देशैभरि भएका महिला हिंसा, हत्या र बलात्कारका घटनामा संलग्न व्यक्तिलाई कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रिय सभाको बुधबारको बैठकको शून्य समयमा सांसद जयन्तीदेवी राईले दार्चुलामा एक महिलालाई जिउँदै जलाएर मारिएको घटनाप्रति भर्त्सना गर्दै दोषीउपर कारबाही गर्न माग गरिन् । उनले भनिन्, ‘महिलाले कहिलेसम्म हिंसाको नामका ज्यान गुमाउनुपर्ने हो ?, यस्ता घटनामा संलग्न व्यक्तिलाई सरकारले किन कारबाही गर्न सक्दैन ?’

सांसद नरबहादुर विष्टले सामाजिक सञ्जालमा महिला हिंसाका घटनाबारे भएका जथाभावी अश्लील भिडियो प्रसारण गर्ने व्यक्तिलाई कारबाहीको माग गरे । सांसद उदयबहादुर बोहराले सल्यानमा काठको तस्करी भइरहेकाबारे ध्यानाकर्षण गराउँदै मापदण्डविपरीत क्रसर सञ्चालन गर्ने र नदी उत्खनन् गर्नेलाई कारबाही हुनुपर्नेमा जोड दिए । सांसद गोपालकुमार बस्नेतले भने, ‘ठेक्का प्रक्रिया सुरु गर्ने तर ठेक्काको काम अधुरो छाड्ने ठेकदारमाथि कारबाही हुन्छ कि हुँदैन ?’

सांसद तुलप्रसाद विश्वकर्माले नवलपरासी-पूर्वमा पछिल्लो समयमा भएको जातीय भेदभाव तथा छुवाछूतको घटनालाई जबरजस्ती मिलापत्र गरिएको भन्दै आपत्ति जनाए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Bern security sdn bhd

पुर्व स्वीकृति मिति २०७९/०१/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२५ LT. No. 262259 चलानी नं. ६०१७८६३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1200 | ३३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २ गते (16th June 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

All-solution Employment Service Pvt. Ltd.
श्रम ईजाजत नं. १४५४/०७४/०७५
Basundhara-03, Kathmandu Nepal
Phone +01-5903078, 015903079, Mob No. 9818510349, 9849442132, 9851310644, 9849442132, E-mail : info@allsolution.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAWAE AL HAMRA OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/२५ LT. No. 264608 चलानी नं.६०१८०६४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 2 | 0 | 1000 | ३३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: असार २ गते (16th June. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

JERRY MANAGEMENT SYSTEM Pvt. Ltd. Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०७८/१२/१३ पून : विज्ञापन स्वीकृति मिति : २०७९/०२/२५ LT. No.260164 चलानी नं.६०१७१५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTOR. | 2 | 0 | 1800 | ५९,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २ गते (16th June 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!

शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : KHONG GUAN BISCUIT FACTORY (JOHORE) SDN.BHD.

पूर्व स्वीकृति मिति २०२२/०६/०७ Pre-Approval Date: 2022/06/07 लट नं. २६४३९३ LT. No. 264393 चलानी नं. ६०१८०५९७ Invoice No: 60180597

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 20 | 0 | 1500 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्लाईन अन्तर्वार्ता प्यारामाउन्ट इम्प्लोईमेन्ट कन्सलटेन्सी कार्यालय, बालकुमारी/ललितपुरमा मिति २०७९/०३/०२ मा हुनेछ ।
Online Interview will be held at Paramount Employment Consultant Office at Balkumari/ Lalitpur on 16th June 2022.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Paramount Employment Consultant Pvt. Ltd.
PARAMOUNT EMPLOYMENT CONSULTANT (P) LTD.
श्रम ईजाजत नं. ४१७/०६०/६१
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel: 01-5186269, 5186052
Email: info@paramount-consultant.com, Web: paramountconsultant.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

२०७९ जेठ २६ गते बिहीबार (तिथिः दशमी, नक्षत्रः हस्त, शुक्लपक्ष)

| | |
|---|---|
| मेष | पराक्रम बढ्ने योग छ । |
| वृष | राजनीतिक कार्य सफल हुनेछ । |
| मिथुन | जोखिम भएको कार्यमा लाभ हुने छैन । |
| कर्कट | सवारीसाधान सावधानी राख्नुहोला । |
| सिंह | पुरानो मित्रहरूसित भेटघाट हुनेछ । |
| कन्या | कन्याः प्रियजनसँग भेटघाट हुनेछ । |
| तुला | अनावश्यक यात्रा नगर्नुहोला । |
| वृश्चिक | आकस्मिक लाभ हुनेछ । |
| धनु | नयाँ काम सफल हुनेछ । |
| मकर | स्वास्थ्य राम्रो रहनेछ । |
| कुम्भ | अनावश्यक विवाद हुने योग छ । |
| मीन | व्यस्तता बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ २६ गते, २०७९, ९ जुन २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## फोहोरको कहर...

पृष्ठ १ बाट जारी

यस्तै, काठमाडौं महानगरपालिकाले धुनिवेशी नगरपालिका वडा नम्बर १, ३, ४ र ककनीको वडा नम्बर १, २ र ३ का प्रभावित क्षेत्रका स्थायी बसोबास गरिरहेका बासिन्दालाई नेपाल स्वास्थ्य बिमा बोर्डबाट विधि र प्रक्रिया पूरा गरी दोहोरो नपर्नेगरी स्वास्थ्य बिमा गर्ने र यो कामको सुरुआत एक हप्ताभित्र गर्ने प्रतिबद्धता जनाएको थियो ।

काठमाडौं महानगरले आगामी साउन १ देखि उपत्यकामा उत्पादन हुने फोहोरलाई स्रोतमै वर्गीकरण गरी लैजाने व्यवस्था गर्ने र वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदनका आधारमा व्यवस्थापन योजना बनाएर छ महिनाभित्र सिसडोलको पोस्ट क्लोजरको प्रक्रिया सुरु गर्ने प्रतिबद्धता जनाएको थियो । धुनिवेशी नगरपालिकाको वडा नम्बर १, ३, ४ र ककनीको १, २ र ३ का प्रभावित क्षेत्रका वडाहरूको पूर्वाधार विकासका लागि विगतमा उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता दिने सहमति भएको थियो ।

यस्तै, सहरी विकास मन्त्रालयले बञ्चरेडाँडा ल्याण्डफिल साइट प्रभावित क्षेत्रमा मन्त्रालयबाट आगामी आर्थिक वर्षका लागि विभिन्न पाँचवटा सडकका लागि ४२ करोड ५० लाख, नदी नियन्त्रण कार्य, सामुदायिक भवन, मन्दिर निर्माण र वृक्षरोपण कार्यक्रमका लागि एक करोड ७० लाख रूपैयाँ विनियोजन गरिएको जानकारी दिएको छ ।

**संसद्मा पनि फोहोरकै कुरा**

काठमाडौंमा थुप्रिएको फोहोर उठ्न नसकेको विषयले संसद्मासमेत प्रवेश पाएको छ । सांसदहरूले यस विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । नेकपा एमालेका सांसद् कृष्णगोपाल श्रेष्ठले काठमाडौं दुर्गन्ध र फोहोरले आक्रान्त भएको र यसले काठमाडौंवासी चिन्तित भएको बताए ।

बुधबारको प्रतिनिधिसभा बैठकमा विशेष समय लिएर बोल्दै उनले ५० मिटर दूरीमा फोहोरको पहाड भइसकेको बताए । काठमाडौंका सडक हिँड्नै नसक्ने गरी दुर्गन्धित भइरहेको उनको भनाइ थियो । यस विषयमा तालुकदार मन्त्रालयका मन्त्रीको जवाफ चाहेको भन्दै उनले सभामुखमार्फत् रुलिङको माग गरे ।

'यस विषयमा सरकारले के हेरिरहेको छ ? सरकारको आधिकारिक धारणा के हो ? फोहोर कहिले उठ्छ ? तत्काल फोहोर उठ्छ कि उठ्दैन ? सरकारको तालुकदार मन्त्रालयका मन्त्रीले जवाफका लागि सभामुखको रुलिङ चाहन्छु,' उनले भने, 'फोहोर कहिले उठ्छ ? कहिले समाधान हुन्छ ? काठमाडौंको अवस्था यस्तै रहने हो भने यहाँको जनता चुप लागेर बस्ने छैन । त्यसको परिणाम गम्भीर हुनेछ ।'

उनले फोहोरको समस्या गम्भीर भइरहेको र फोहोर तत्काल उठ्नुपर्ने बताए । बल प्रयोग गरेर समस्याको समाधान खोज्नुभन्दा समझदारीको बाटो खोज्नुपर्ने उनको भनाइ छ । उनले अब काठमाडौंवासीले धेरै सहन नसक्ने बताए । काठमाडौं दुर्गन्धित बन्दा अन्तर्राष्ट्रिय रूपमा बदनाम भएको पनि श्रेष्ठको भनाइ छ ।

**प्रधानमन्त्रीबाटै पहल हुनुपर्ने माग**

नेपाली कांग्रेसका सांसद गगनकुमार थापाले काठमाडौंको फोहोर व्यवस्थापनमा विशेष पहल गर्न प्रधानमन्त्री शेरबहादुर देउवालाई आग्रह गरे । स्रोतसाधनको व्यवस्था गर्ने तथा कानुनी गाँठो फुकाउने काम महानगरले मात्रै गर्न नसक्ने भन्दै थापाले यस्तो आग्रह गरेका हुन् ।

'काठमाडौं महानगरपालिकाले गरेको पहलमा मद्दत गर्नु हामी सबैको कर्तव्य हो । यसमा प्रधानमन्त्रीज्यूलाई विशेष पहलकदमी लिन आग्रह गर्दछु । स्रोतसाधन र कानुनी गाँठो फुकाउन सरकारले नै पहल गर्नुपर्छ,' बुधबार प्रतिनिधिसभा बैठकको शून्य समयमा उनले भने । साउन १ गतेबाट फोहोरको स्रोतबाटै अनिवार्यरूपमा कुहिने र नकुहिने फोहोर छुट्याउन अपिल महागनरले गरेको भन्दै साथ दिन उनले आग्रह गरे ।

**"कुहिने र नकुहिने फोहोर छुट्याइदिनुस्"**

यता काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाहले घर, कार्यालय, व्यवसाय वा कुनैपनि क्षेत्रबाट उत्पादन हुने फोहोर कुहिने र नकुहिने गरि छुट्टाछुट्टै राख्न आग्रह गरेका छन् । कुहिने र नकुहिने फोहोरलाई छुट्याइदिने हो भने त्यसको व्यवस्थापन सहज हुने उनको भनाइ छ ।

अहिले थुप्रिएको फोहोरलाई नै छुट्याउन समस्या हुन सक्ने भए पनि अब हरेक फोहोरलाई कुहिने र नकुहिने गरेर कम्तीमा दुई अलग-अलग भाँडोमा राखेर फोहोर व्यवस्थापनमा आफ्नो कर्तव्य पूरा गरिदिन बालेनले महानगरवासीलाई आग्रह गरेका छन् ।

'फोहोरलाई स्रोतबाट नै छुट्याउनका लागि हदैसम्मको सहकार्य र कोसिस गर्नेछ । हामी यति विश्वास दिलाउन चाहन्छौं कि तपाईंले छुट्याइसकेको फोहोरलाई महानगरले पुनः एकै ठाउँमा मिसाउने गल्ती गर्ने छैन,' मेयर शाहले मंगलबार सामाजिक सञ्जाल फेसबुकमा लेखेका थिए ।

# अन्याय र भ्रष्टाचारविरुद्ध विरोध र्‍याली

■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त राष्ट्रिय जनआन्दोलन मोर्चाले भ्रष टाचार, विकृति, विसंगतिविरुद्ध बृहत विरोध र्‍याली गर्ने घोषणा गरेको छ । बुधबार पत्रकार सम्मेलन गर्दै आगामी जेठ २७ गते भृकुटीमण्डपमा विरोध र्‍याली सुरु गरेर वसन्तपुरमा कोणसभा गरी समापन गर्ने जानकारी दिइएको हो ।

मोर्चाले राष्ट्रघात, भ्रष्टाचार, दण्डहिनता, विकृति, विसंगतिविरुद्धको कार्यक्रममा ऐक्यवद्धता जनाउन सम्पुर्ण देशवासीलाई आग्रह गरेको छ । मोर्चाले संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता खारेज, निर्मला पन्तको हत्यारा सार्वजनिक गर्न, अखण्ड नेपाल कायम गर्न माग अघि बढाएको छ ।

यसैगरी, संयुक्त मोर्चाले राजसंस्थासहितको धर्मसापेक्ष वैदिक सनातन हिन्दु अधिराज्य नेपाल स्थापना, भारत र चीनसँगको सुमधुर सम्बन्ध कायम राख्दै असंलग्न परराष्ट्र नीतिअनुसार दुवै देशसँग दौत्य सम्बन्ध कायम राख्न माग गरेको छ ।

मोर्चाले लिपुलेक, लिम्पियाधुरामा जनगणना र स्थानीय चुनाव नगरेकोमा पनि आपत्ति जनाएको छ । र, यसको जवाफ जनतालाई दिनुपर्नेसमेत माग अघि सारेको छ । यस्तै, मोर्चाले लिपुलेक, कालापानीसहितको नयाँ नक्शा अविलम्ब पाठ्यक्रममा समावेश गर्न पनि माग गरिएको छ ।

पत्रकार सम्मेलनमा बोल्दै मोर्चाका अध्यक्ष तारानाथ लुईंटेलले पछिल्लो समय बलात्कारको घट्ना बढेको सुनाए । उनले भने,'एउटी महिलालाई सुरक्षा सरकारले दिन सक्दैन् । सरकारले बलात्कारका घटनाको जिम्मा लिनुपर्छ ।' सरकारलाई कायरको संज्ञा दिँदै उनले भने,'यस्तो कायर सरकार नेपाली जनतालाई चाहिँदैन । अब जनताले गणतन्त्रलाई पशुपति आर्यघाटमा सेलाउन चाहन्छन् । अब चाडैनै जनताले दाहसंस्कार गर्नुपर्छ ।' त्यसको लागि बृहत प्रदर्शनको आयोजना गरिएको उनले बताए ।

मोर्चाका सह-अध्यक्ष विष्णुप्रसाद भट्टराइले स्थानीय निकायको निर्वाचन सकिँदै गर्दा राजनीतिक दलहरूले एकले अर्कालाई धाँधली गरेको भनेर आरोप लगाएको सुन्दा हाँसो उठेको सुनाए । राजा वीरेन्द्रको वंश विनास भएको दिन जेठ १९ गते नेपालगञ्जमा शालिक राख्न नदिएर अपमान गरेको भन्दै भट्टराईले त्यस घटनामा पनि आपत्ति जनाए । उनले गणतान्त्रिक मुलुकमा राजालाई छैटौं सुचिमा राखेको भन्दै दुःख व्यक्त गरे ।

पछिल्लो समय चर्चामा रहेको इम्बोर्स्ड नम्बर प्लेटको बारेमा बोल्दै उनले नेपालको संविधानको धारा ७ ले कामकाजको भाषा देवनागरी लिपिमा हुनुपर्छ भनेर लेखेको स्मरण गराए ।

उनले भने,'त्यो इम्बोस्ड भाषामा कतै नेपाली भाषा देख्नुहुन्छ ? कसले चलाएको छ ? संविधानले तय गरेको कामकाजको भाषा नेपाली हो, अनि सरकारले नै सबै इङ्लिसमा लेख्यो भने कारवाही गर्ला, कसले गर्ने कारवाही ?' भ्रष्टाचारको विरुद्ध जनतालाई सचेत गराउनुपर्ने उनले बताए ।

# खैरो हेरोइनको कारोबारमा संलग्न पक्राउ

**कैलाली(प्रस)–** अवैध लागुऔषध खैरो हेरोइनको कारोबारमा संलग्न रहेको अभियोगमा ३ जनालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा कन्चनपुर पुनरवास नगरपालिका-१ बस्ने ४२ वर्षीय डब बहादुर तामाङ, पुनरवास नगरपालिका-१ बस्ने ३५ वर्षीय कान्छा तामाङ र पुनरवास नगरपालिका-१ बस्ने २८ वर्षीया अन्जु सार्की रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले धनगढी उपमहानगरपालिका-१ सेती प्रादेशिक अस्पताल नजिकबाट डब बहादुरलाई ३० ग्राम, सोही उपमहानगरपालिका-२ त्रिनगर भन्सारबाट कान्छालाई १० ग्राम र थप अनुसन्धानका क्रममा सोही उपमहानगरपालिका-३ ट्राफिक चौराहबाट अन्जुलाई नगद ४९ हजारसहित फेला पारी पक्राउ गरेको हो ।

लागूऔषध खैरो हेरोईन बिक्री वितरणमा एउटा समूह नै सक्रिय रहेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरीले जााच गर्ने क्रममा उनीहरूको साथबाट उक्त लागुऔषध तथा नगद बरामद गरेको हो ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHIMLAN & RAICY CO. BUILDING MATERIALS

पूर्व स्वीकृति मिति : २०७९/०२/२५ LT. No. 264586 चलानी नं ६०१८०६२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (Indoor) | 20 | 0 | 85 | ३४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २ गते (16th June 2022)मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रू.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने :** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal
Tel No. +977-01-5911443 Mo.NO. 9813136655
E-mail : info@indexrecruitment.com.np
www. www.indexrecruitment.com.np
श्रम ईजाजत नं. 1543/078/079



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SYW Industry Sdn.Bhd.

पूर्व स्वीकृति मिति : २०७९/०२/२५ LT. No. 264577 चलानी नं. ६०१८०६७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 6 | 0 | 1500 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २ गते (16th June 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kasturi International Service Pvt. Ltd.**
Baluwatar, Maharajgunj, Kathmandu, Nepal.
TEL: 977-1-4441458, 977-1-4439647 FAX:- 977-1-4439647
E-mail:-kasturi128@gmail.com. Web: www.kasturi.com.np
श्रम ईजाजत नं. 128/055/56



## कर्मचारी आवश्यकता

यस **Vera Health Pvt.Ltd.** कम्पनीका लागि कर्मचारी आवश्यकता परेको हुदाँ इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**पद** : Call Center / Customer Services
**संख्या** : ५०
**योग्यता** : +2 pass
**समय** : बिहाँन ९:०० बजेदेखि ५:०० बजेसम्म
दिउँसो १:०० बजेदखि ९:०० बजेसम्म
**तलब** : रू. २०,०००।-

**Vera Health Pvt.Ltd.**
Bashundhra, Kathmandu, Nepal
Phone No.9803496508
Email : verahealthnp@gmail.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARKAN FUNDAMENTAL

पूर्व स्वीकृति मिति २०७९/०२/२५ LT. No. 264568 चलानी नं. ६०१८०६३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter | 1 | 0 | 140 | ४५,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Painter Assistant | 1 | 0 | 140 | ४५,२४५ | | | | | | | |
| 3 | Tile Layer Assistant/helper | 1 | 0 | 140 | ४५,२४५ | | | | | | | |
| 4 | Tile Polisher | 1 | 0 | 140 | ४५,२४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BANYAN ASHAR HOTEL COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०२/२४ LT. No. 264324 चलानी नं.६०१८०६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Room Attendant | 2 | 0 | 4000 | १३२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** नि:शुल्क कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VRINDIT SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. ७१२/०६४/६५
Kupandol-10, Lalitpur, Nepal Phone No.01-54240069, 5427196, काठमाडौं,
सम्पर्क नं. ९८४५२९७२०९, ९८४१२५०३८६



## सूचना ! सूचना !! सूचना !!!

यस EMPLOYMENT CREATION SERVICE PVT. LTD. (ई.प.नं.४००/०६०/०६१) मा 1. Purna Kumar Lawati (Office Co-ordinator), 2. Mahendra Limbu (Documentation Officer) 3. Premika Rai, Manita Rai (Receptionist) पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Employment Creation Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४००/०६०/०६१
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4488393, 4487496 E-mail : info@ecsmanpower.com
Website : ecsmanpower.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUBARAK AL SALEH INTERNATIONAL SERVICE

पुर्व स्वीकृति मिति २०७८/१२/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२५ LT. No. 260572 चलानी नं. ६०१८०६७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 3 | 0 | 1000 | ३४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 7 | 0 | 1000 | ३४,१२५ | | | | | | | |
| 3 | Supervisor | 2 | 0 | 5500 | १८७,६९५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २ गते (16th June. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800, 9813622195
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARAB UNION COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०७८/१२/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२५ LT. No.261112 चलानी नं.६०१७७५०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labor | 50 | 0 | 1000 | ३३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolding | 10 | 0 | 1400 | ४६,३७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 41151191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.np



## सूचना ! सूचना !! सूचना !!!

Himalayan Valley Nepal Pvt.Ltd. (ई.प.नं.१५२६/०७४/०७५) मा कार्यरत **हस्तबहादुर तामाङ (ना.प्र.नं.४९९०४५३- केराबारी-०९, मोरङ)** घर भई **Labour Representative** पदमा प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Himalayan Valley Nepal Pvt.Ltd.**
श्रम ईजाजत नं. १५२६/०७४/०७५
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## दीर्घकालीन समाधान खोज

काठमाडौंलाई सँधै पिरोलिरहने एउटा मुद्दा हो– फोहोर व्यवस्थापन। यो हरेक समय दोहोरिन्छ, जस्तो अचेल पनि दोहोरिरहेको छ । फोहोर काठमाडौंका सडक, गल्ली–गल्लीमा थुप्रिएको छ । फोहोरको थुप्रो दिनैपिच्छे अग्लिँदै जान थालेको छ । फोहोरका कारण काठमाडौं दुर्गन्धित मात्र भएको छैन संक्रमणको जोखिम पनि उच्च बन्दै गएको छ ।

काठमाडौंको फोहोर व्यवस्थान गर्ने भनिएको ल्याण्डफिल्ड साइड, नुवाकोटको सिसडोल र बञ्चरेडाँडामा दिनैपच्छि तनाब हुन थालेको छ । काठमाडौंको फोहोर व्यवस्थापन गर्न सोमबार सहरी विकास मन्त्रालय, काठमाडौं महानगरपालिका, धुनिवेशी नगरपालिका धादिङ तथा ककनी गाउँपालिका नुवाकोटका प्रतिनिधिबीच सहमति भयो । जसअनुसार मंगलबार बिहानैदेखि काठमाडौंका सडकमा थुप्रिएको फोहोर उठ्न थाल्यो । बिहानै फोहोर बोकेका गाडी नुवाकोटको सिसडोल र बञ्चरेडाँडा पुगे ।

तर, स्थानीयबासिन्दाले स्थानीय तहका जनप्रतिनिधिसँग गरेको सहमति नमान्ने भन्दै फोहोर फाल्न दिएनन्। त्यसपछि प्रहरीले बल प्रयोग गऱ्यो। आधा दर्जनभन्दा बढी स्थानीयलाई नियन्त्रणमा लियो। मंगलबार प्रहरी परिचालन गरेर बञ्चरेडाँडामा फोहोर विसर्जन गरियो।

बुधबार पनि उसैगरी तनावग्रस्त बन्यो बञ्चरेडाँडा । अघिल्लो दिनभन्दा प्रहरीको संख्या पनि दोब्बर पारियो । तर, स्थिति मंगलबारको भन्दा झन् तनाबग्रस्त बन्यो। आफूहरूका माग सम्बोधन नभएकाले फोहोर फाल्न नदिने भन्दै स्थानीयहरूले अवरोध गरे । त्यसक्रममा प्रहरी र स्थानीयबीच झडप समेत भयो ।

स्थानीयसँगको झडपका क्रममा प्रहरी सहायक निरीक्षक (असई)सहित तीन जना प्रहरी कर्मचारी घाइते भए । प्रहरीले स्थिति नियन्त्रणमा लिन दुई राउण्ड अश्रुग्यास र तीन राउण्ड हवाई फायर गऱ्यो । स्थानीयबासिन्दाले ढुंगामुढा गर्दा १२ वटा गाडीमा क्षति पुगेको प्रहरी बताउँछ । प्रहरीले बञ्चरेडाँडा संघर्ष समितिका संयोजक श्रीराम ढुंगाना, तपन उप्रेतीसहित ४ जनालाई नियन्त्रणमा लिएको छ । स्थानीयले अवरोध गरेपछि फोहोर बोकेका टिपर फोहोरसहित काठमाडौं फिर्ता भएका छन् ।

फोहोरको यो कहर नयाँ होइन । त्यसकारण पनि बरु अब नयाँ विकल्प सोचिनुपर्छ । अर्थात्, यसको दीर्घकालीन समाधानबारे सोच्नुपर्छ। एकठाउँ उत्पादन हुने फोहोरले अर्का ठाउँका नागरिकलाई किन सास्ती दिने ? किन रोगको भुंग्रोमा पार्ने ? सिसडोल र बञ्चरेडाँडाका नागरिकले फोहोर फाल्न दिँदैनौं भन्न पाउँछन्। यो उनीहरूको अधिकार हो। गर्दै नगरेको गल्तीको सजाय उनीहरूलाई किन दिने ? तर, काठमाडौंमा ठाउँ अभाव भएकाले सिसडोल र बञ्चरेडाँडाका नागरिकको स्वास्थ्यलगायत कुनै पनि कुरामा प्रतिकूल असर नपर्नेगरि, उनीहरूकै सहमतिमा हाललाई अल्पकालीन रूपमा फोहोर व्यवस्थापन गर्न सक्ने विकल्प भने सरकारसँग छ ।

तर, सबभन्दा उपयुक्त उपाय कुनै प्रविधिको प्रयोग गरेर काठमाडौं उपत्यकाबासीको स्वास्थ्य र यहाँको वातारणका समेत कुनै नकारात्मक असर नपर्नेगरि काठमाडौंमै फोहोर बिर्सन गर्ने वातावरण मिलाउनुपर्छ। तत्कालका लागि भने ल्याण्डफिल्ड साइटका नागरिकको सार्वजनिक सरोकारलाई ध्यान दिएर, उनीहरूका कुरा सुनेर, कुनैपनि प्रतिकूल असर नपर्नेगरि फोहोर व्यवस्थापनको वातावरण बनाउन सकिन्छ । यसका लागि काठमाडौं महानगरपालिका र सरकारले ध्यान देओस् ।

महानगरबासीले पनि आफ्नो कोठा, घर, कार्यालय, व्यवसाय कुनै पनि ठाउँबाट निस्किने फोहोरलाई कुहिने र नकुहिनेगरी दुई छुट्टाछुट्टै प्याकिङ गरेको खण्डमा फोहोर व्यवस्थापनमा सहयोग पुग्नेछ। फोहोर व्यवस्थापन नहुँदा त्यसको प्रत्यक्ष असर हाम्रो स्वास्थ्य र दैनिकीमा पर्ने भएकाले महानगरबासी यसमा सचेत बन्नैपर्छ। हाम्रो आनीबानीको सानो सुधारले फोहोर व्यवस्थापनमा ठूलो सहयोग हुनेछ ।

# कसरी पूरा हुन्छ कार्बन शून्य उत्सर्जनमा पुऱ्याउने लक्ष्य

भीष्मराज ओझा

नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, कोप-२६ मा नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने महत्त्वाकांक्षी योजनासहितको राष्ट्रिय जलवायु योजना (एनडिसी) पेस गरेको जनाउँदै सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनमा पुग्ने लक्ष्यको प्रतिबद्धता व्यक्त गरेको थियो ।

संयुक्त अधिराज्यको ग्लास्गोमा कोप-२६ का अवसरमा गत नोभेम्बर १ देखि २ तारिखसम्म भएको 'विश्व नेताहरूको शिखर सम्मेलन'मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवाले सन् २०३० भित्र नेपालका कूल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट परिपूर्तिको सुनिश्चितता गर्ने र देशको ४५ प्रतिशत भूखण्ड वन क्षेत्रले ढाक्ने वाचा गरेका थिए ।

सम्बोधनका क्रममा उनले पेरिस सम्झौताको कार्यान्वयनमा नेपाल दृढतापूर्वक प्रतिबद्ध भएर लागेको र जलवायु परिवर्तनका जोखिम घटाउने राष्ट्रय नीति, योजना र कार्यक्रमबारे जानकारी गराएका थिए । सम्मेलनकै तयारीका लागि सरकारले गत कात्तिक ११ गते मन्त्रिपरिषद् बैठकबाट 'नेपालको राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०)', 'खुद शून्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति' र ' जलवायुजन्य हानिनोक्सानीसम्बन्धी राष्ट्रिय कार्यढाँचा' महत्त्वपूर्ण कार्ययोजना पारित पनि गरेको थियो ।

यी नीतिगत दस्तावेज र कार्ययोजना अन्तर्राष्ट्रिय समुदायसँग समन्वय, सहकार्य र ज्ञानसीप आदानप्रदानका लागि सम्मेलनमासमेत उच्च प्राथमिकताका साथ प्रस्तुत गरिएपछि वन तथा वातावरण मन्त्रालयको संयोजनमा कार्यान्वयका लागि अन्य मन्त्रालयसँग विभिन्न बैठक तथा छलफल जारी रहेको मन्त्रालयले जनाएको छ । सम्मेलनमा प्रधानमन्त्री देउवाले हिमाली भेगका बासिन्दाका लागि विश्वव्यापी तापमान १.५ डिग्री सेल्सियसभन्दा मुनि रहन जरुरी रहेको उल्लेख गरेका थिए ।

यसका साथै नेपालले पेरिस सम्झौता कार्यान्वयनप्रति पूर्णतः प्रतिबद्ध रहेको उल्लेख गर्दै सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनमा पुग्ने लक्ष्य राखेको र सन् २०३० भित्र कूल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट परिपूर्तिको सुनिश्चितता गर्ने प्रतिबद्धता जनाएको छ । साथै देशको ४५ प्रतिशत भूखण्ड वन क्षेत्रले ढाक्ने प्रतिवबद्धता पनि छ ।

सरकारले आगामी आवको नीति तथा कार्यक्रममा खनिज इन्धनलाई स्वच्छ र नवीकरणीय ऊर्जाबाट प्रतिस्थापन गर्दै लैजाने नीति अवलम्बन गरेको छ । वन विनाशलाई सन् २०३० सम्म शून्यमा पुऱ्याउने लक्ष्यसहितको 'ग्लास्गो घोषणा' कार्यान्वयन गर्ने सरकारले उल्लेख गरेको छ । उक्त नीति तथा कार्यक्रमअनुसार सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुऱ्याउने राष्ट्रिय लक्ष्य हासिल गर्ने गरी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको संयोजन गरिने उल्लेख छ ।

सरकारले जलवायु परिवर्तन र वातावरणीय संरक्षणसम्बन्धी रूपमा कार्यान्वयन गर्न सक्षम निकायको व्यवस्था गर्ने तथा संघ, प्रदेश र स्थानीय तहमा जलवायु निर्धारित योगदान तथा राष्ट्रिय अनुकूलन योजना अघि बढाउने लक्ष्यसमेत राखेको छ । यससम्बन्धी कार्यान्वयनका लागि बजेट र नीति तथा कार्यक्रममा उल्लेख गरेका केही प्रावधानका सम्बन्धमा जनप्रतिनिधिको चासो बढेको छ । यसै सन्दर्भमा प्रतिनिधिसभाको बैठकको मंगलबारको बैठकमा विनियोजन विधेयक, २०७९ का विभिन्न बुँदामाथिको छलफलका क्रममा सांसदले नेपाल सरकारले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुऱ्याउन गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने ठोस योजना के-के छन् भनी सरकारसँग जवाफ माग गरेका थिए ।

सांसद देवेन्द्रराज कँडेलले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुऱ्याउन लिएको लक्ष्य कसरी पूरा हुन्छ भनी वनमन्त्रीको जवाफ माग गरे । विकास आयोजनाका लागि वन क्षेत्रले प्रदान गर्ने कार्यले सरकारको त्यो लक्ष्यमा पुग्न कठिन हुने उनको भनाइ थियो । अर्का सांसद अञ्जना विशंखेले वनमा रूख कुहिएर नासिन लागेको अवस्थामा त्यसलाई प्रयोग गर्ने नीति नहुनु दुःखद् कुरा रहेको बताए । सांसद रेनुका गुरुङले सन् २०४५ सम्ममा कार्बन शून्यमा पुऱ्याउन सरकारले गरेको प्रतिबद्धता पूरा गर्न ठोस योजना के-के हुन स्पष्ट पार्न माग गरे ।



नेपालको कार्बन उत्सर्जन न्यूनीकरण लक्ष्य २०२०–२०३० मा खुद शून्य उत्सर्जन हासिल गर्ने र तत्पश्चात् एकदमै न्यून उत्सर्जन गरी सन् २०४५ मा पूर्ण खुद शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य राखेको छ। सन् २०१९ मा नेपालको जम्मा कार्बनडाइअक्साइड उत्सर्जन सन्दर्भ परिदृश्यका आधारमा दुई करोड ३० लाख मेट्रिकटन थियो । यो परिमाण सन् २०३० मा तीन करोड ४० लाख र सन् २०५० मा सात करोड ९० लाख हुने अपेक्षा गरिएको छ। सन् २०१९ मा ऊर्जाबाहेकको उत्सर्जन ४६ प्रतिशत छ भने ऊर्जा क्षेत्रको उत्सर्जन ५४ प्रतिशत छ।

**यस्तो छ खुद शून्य उत्सर्जन रणनीति**

नेपालको कार्बन उत्सर्जन न्यूनीकरण लक्ष्य २०२०-२०३० मा खुद शून्य उत्सर्जन हासिल गर्ने र तत्पश्चात् एकदमै न्यून उत्सर्जन गरी सन् २०४५ मा पूर्ण खुद शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य राखेको छ । सन् २०१९ मा नेपालको जम्मा कार्बनडाइअक्साइड उत्सर्जन सन्दर्भ परिदृश्यका आधारमा दुई करोड ३० लाख मेट्रिकटन थियो । यो परिमाण सन् २०३० मा तीन करोड ४० लाख र सन् २०५० मा सात करोड ९० लाख हुने अपेक्षा गरिएको छ । सन् २०१९ मा ऊर्जाबाहेकको उत्सर्जन ४६ प्रतिशत छ भने ऊर्जा क्षेत्रको उत्सर्जन ५४ प्रतिशत छ ।

सन्दर्भ परिदृश्यमा गैरऊर्जा क्षेत्रको उत्सर्जन सन् २०५० सम्ममा विस्तारै घटेर कूल उत्सर्जनको ३२ प्रतिशतमा पुग्ने देखिन्छ । सन् २०१९ मा भू-उपयोग, भू-उपयोग परिवर्तन र वनबाट कार्बनडाइअक्साइड उत्सर्जन अनुमानित ८० लाख मेट्रिकटन थियो भने सन् २०५० सम्म यो बढेर एक करोड ७० लाख मेट्रिकटन पुग्ने अपेक्षा गरिएको छ ।

विद्यमान उपायमा आधारित परिदृश्यमा खुद कार्बनडाइअक्साइड उत्सर्जन सन् २०३० मा तीन करोड मेट्रिकटनले र सन् २०५० मा पाँच करोड मेट्रिकटनले घट्ने छ । यस परिदृश्यमा ऊर्जा क्षेत्र उत्सर्जन कम गर्नमा महत्त्वपूर्ण योगदान गर्ने क्षेत्र हुने वन मन्त्रालयले जनाएको छ । भू-उपयोग, भू-उपयोग परिवर्तन र वन क्षेत्रले पहिलो १० वर्षमा कार्बन हटाउन महत्त्वपूर्ण योगदान गर्नेछ । परिदृश्यले देखाएअनुसार यस क्षेत्रको कार्बन सोस्ने सम्भावना समयान्तरमा घट्दै जानेछ ।

फलतः सन् २०३० पछि खुद कार्बन उत्सर्जन वार्षिक ११ प्रतिशतका दरले बढ्दै जाने मन्त्रालयको अपेक्षा छ । थप उपायमा आधारित परिदृश्यमा ऊर्जा क्षेत्रमा महत्त्वाकांक्षी योजनाका साथसाथै चालु र थप कार्बन हटाउने योजनाले नेपालको खुद कार्बनडाइअक्साइड उत्सर्जन सन् २०२०-२०३० को अवधिमा शून्यभन्दा तल हुने र तत्पश्चात् २०३५ देखि २०४५ सम्म शून्यको नजिक रहने देखिन्छ । *रासस*

## मननयोग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ । **क्रमशः**

पत्र–मञ्जुषा

## मेरो नजरमा कबड्डी–४

सबैको आँखामा परेको फिल्म हो- 'कबड्डी-४ द फाइनल म्याच' । यो फिल्म आज दर्शकहरूको माझ छाइरहेको छ । कथा कस्तो छ त ?

काजीको मेन लिडमा रहेका दयाहाङ राईको के यसपालि बिहे होला ? यस्तै सेरोफेरोमा घुमेको कथा रहेको छ । कबड्डीमा मैयालाई काजीको आँखै अगाडिबाट विवेकले सहर भगाउँछ । दोस्रोमा सोल्टिनी बमकाजीसँग भाग्छिज् । तेस्रोमा कासी सोल्टिनी आफ्नो प्रेमीसँगै भाग्छिन् ।

तीन पटक धोका पाएका वीरकाजी शेरचनको अब चौथोमा के बिहे हुन्छ त ? फिल्मका पहिलो भागमा वीरकाजी शेरचनको जन्त जानेबेलामा बेहुलीलाई एक बाघ भएको नकाब लगाएको व्यक्तिले भगाएको देखिन्छ । तर, काजी यसपालि भने कारमा पछ्याइरहेका हुन्छन् र, उनी बिहे गर्न असफल हुन्छन् । कथामा खासै ट्विस्ट नभएको देखियो ।

त्यसपश्चात् लामा बनेर ब्रह्मचारी बस्ने निर्णय काजीले लिन्छन् । उता काजीका बाबु भने वंश नासिने पीरले कि छोराको बिहे कि बाउको बिहे भन्ने होडमा हुन्छन् । यस दृश्यले आमनेपालीको एउटा पारिवरिक पीडा पोखाएको छ । वंश बचाउन कि दोस्रो बिहे वा छोराछोरीलाई छिटो बिहे गर्ने दबाबको भूमिकामा उक्त दृश्यले व्यंग्य गरेको छ । त्यसो त आजभोलिको जमानाको जवाफ काजीले वंश जोगाउने ठेक्का नलिएको बताएका छन् ।

अब कथामा शान्ति (मिरुना मगर)को आगमन हुन्छ । को हुन् शान्ति ? फिल्मको अघिल्लो शृंखलामा कार्यकर्ता बन्दा खाना खुवाउने एक नारीपात्र अर्थात् कबड्डी-४ को मुख्य पात्र । काजी यो शृंखलामा विद्यालयको अध्यक्ष भएका छन् । त्यसैले उनी काजीकै विद्यालयमा पढाउन आएकी हुन्छिन् । तर, काजी भने लामाको भेषमा गुम्बामा भेटिन्छन् । शान्ति कि त राजीनामा कि त नियुक्तिपत्र दिनू भनेर हिँडछिन् । सोही दृश्यमा छन्त्याल (बुद्धि तामाङ) र बिके (विजय बराल)ले कुटाइ खाएको देखाइन्छ ।

गाउँमा अब एक मात्र मास्टर डिग्री पढेको बमकाजी (सौगात मल्ल)को इन्ट्री हुन्छ । बाजागाजाका साथ र पढेको व्यक्ति अडिने ठाउँ पनि उही मालाको भट्टी देखाइन्छ । यो दृश्यले हाम्रो समाजको निकै पाच्य व्यंग्य गरेको देख्न सकिन्छ । यसका साथै काजीले शान्तिको घरमा जाँडरक्सी नखाएको दृश्यलाई सबल पक्ष मान्न सकिन्छ ।

बमकाजी आफ्नो पढाइमा गर्व गर्दै गाउँबाट रोजगारीका लागि सहर जाने निर्णय गर्छ । तर, गाउँमा एक्कासी शान्तिलाई देखेर ऊ रोकिन्छ । अब पढेको व्यक्तिले सोझै कि त पैसा कि त सौन्दर्य भरिएकी नारी गाउँमा भएमात्र लक्का जवानहरू गाउँमा बस्ने रहेछन् भन्ने सन्देश दिँदै छ । आफ्नो पढाइभन्दा पनि मानिसलाई अन्य कुराले लोभ्याउने रहेछ भन्ने दृश्यले देखाएको छ ।

बमकाजीले समझदारीमा कुरा छिनोफानो नहुने देखेपछि जबरजस्तीमा शान्तिलाई लग्छन् । हो, कुनै समयमा तानाशाही वा प्रभुत्व जमाउनेहरूले छोपेर वा केटालाई केटी मन परेमा जबरजस्तीका साथ चोरेर लाने गरेका थिए । कुनै सम्प्रदायप्रति खोट वा प्रश्न गराउन खोजेको त होइन तर मनोरञ्जनात्मकमा पनि हामीले हेरेको फिल्मले कस्तो सन्देश दिन खोजेको हो भन्ने कुरामा आममानिसको चासो बुझ्न खोजेको हो ।

कुनै समयमा आफ्नो जोस जाँगर अर्थात् मारपिट गर्ने मान्छे समयले बदल्ने रहेछ भन्ने पक्ष पनि देखाइएको छ । आफ्नो अगाडि नै मिठो भाग परेको छ वा आफ्नो अगाडि नै फल पाकेकोमा वास्ता नगर्दा काजीले भोगेको कुरालाई चाहिँ राम्रोसँग हाम्रो जीवनसँग दाँज्न सकिन्छ ।

काजीले शान्तिलाई चोरको घरबाट चोरेर ल्याएको छ । यसरी काजीको बिहेको कबड्डी सकेको छ । आमदर्शकको कबड्डी-४ को पर्खाइ यही समाप्त भएको छ । समग्रमा निर्देशक रामबाबु गुरुङले कबड्डीको सिरिजलाई मात्र टुंग्याउन खोजेका हुन् या ब्राण्डलाई व्यावसायिक बनाउन खोजेका हुन् भन्ने देखिन्छ ।

*दीपा सुनुवार, टोखा*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। -सं.

# बाघको बासस्थानसँगै बढ्न थाले हिंस्रक घटना

■ नारायण अधिकारी

**चितवन–** चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा बाघको संख्या बढेसँगै बाघले मध्यवर्ती क्षेत्रमै बासस्थान बनाउन थालेको छ । बाघको बासस्थान वरपर मानवीय गतिविधि पूर्ववत् अवस्थामा रहँदा हिंस्रक घटना बढ्न थालेका हुन् ।

निकुञ्ज र मध्यवर्ती क्षेत्रमा गएको ११ महिनामा १४ जनाको बाघको आक्रमणबाट मृत्यु भएको छ । गत आर्थिक वर्षमा बाघको आक्रमणबाट पाँच जनाको मृत्यु भएको थियो । आक्रमणका घटना अधिकांश मध्यवर्ती सामुदायिक वनमा भएका छन् । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार तीनवटा घटना मात्रै निकुञ्जभित्र भएका हुन् । वर्षभरमा भएका सबै घटना निकुञ्ज र मध्यवर्ती वन क्षेत्रभित्र मात्रै भएका हुन् ।

वनमा न्युरो, घाँस, दाउरा गर्न जानेहरू आक्रमणको सिकार बनेका छन् । निकुञ्जमा हालै गएको फागुनमा बाघ गणना गरिएको थियो । बाघको तथ्यांक सार्वजनिक भइसकेको छैन । आउँदो बाघ दिवस जुलाई २९ मा संख्या सार्वजनिक गरिँदै छ । सन् २०१८ को गणनाअनुसार निकुञ्जमा बाघको संख्या ९३ रहेको थियो ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्य संख्या बढेका कारण मध्यवर्ती क्षेत्रमा बाघले बासस्थान बनाएकाले घटना बढेको अनुमान गर्छन् । मानिसहरूले अपनाउनुपर्ने सावधानी कम अपनाउँदा घटना बढ्दै गएको आचार्यको भनाइ छ ।

बाघ निश्चित क्षेत्रलाई आफ्नो बासस्थान बनाएर बस्ने प्राणी हो । संख्या बढ्दै गएर निकुञ्जभित्र बासस्थान नपुगेपछि बाघले मध्यवर्ती सामुदायिक वनहरूमा आफ्नो बासस्थान बनाउँदै गएको उनी बताउँछन् । बाघका सम्बन्धमा विद्यावारिधि गरेका राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका प्रमुख डा बाबुराम लामिछाने बाघले बुढो भएर, घाइते भएर, हेपिएर आहारा नपाउँदा, मानिसलाई आक्रमण गर्ने बताउँछन् । बच्चा हुर्काउँदै गरेको बाघले पनि आक्रमण गर्ने सम्भावना बढी हुन्छ ।

लामिछानेको भनाइमा बाघको संख्या बढेपछि निकुञ्जको भित्री भागसँगै मध्यवर्ती र वरपरका जंगल क्षेत्रमा पनि बाघले बासस्थान बनाउन थालेको छ । ती क्षेत्रहरूमा पूर्ववत् अवस्थामा स्थानीयहरू घाँस दाउरा गर्न जाँदा घटना हुने गरेको उनको भनाइ छ । उनले भने, 'यो हाम्रै ठाउँ त हो नि भनेर ढुक्क भएर सावधानी कम अपनाउँदा घटना बढेका हुन् ।' उर्वर ठाउँहरूमा घाँस निहुरो जस्ता वस्तु प्रशस्त पाइने र तिनै ठाउँमा बाघको आहारा प्रजाति बढी पाइने हुँदा जम्काभेट भएर घटना हुने गरेको लामिछानेको भनाइ छ । कतिपय अवस्थामा मान्छेले निहुरिएर काम गर्दा आहारा प्रजाति सम्झेर झुक्किएर पनि बाघले आक्रमण गर्ने गरेको उनी बताउँछन् ।

पहिले खुल्ला ठाउँ हुँदा जुन ढङ्गले मध्यवर्ती वनको उपभोग स्थानीयवासीले गरेका थिए, अहिले झाडी हुँदा पनि त्यही ढङ्गबाट काम गर्दा जोखिम बढेका छन् । मानिसमाथि आक्रमण अधिकांश वनभित्र भएका छन् । बस्तीमा बाघ आउँनासाथ नियन्त्रणमा लिने गरिएको छ । चालु आर्थिक वर्षमा चारवटा बाघलाई नियन्त्रणमा लिइएको थियो । तीमध्ये दुईवटा मरेका छन् भने दुईवटा कसरामा राखिएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यक्रम अधिकृत बाघ विज्ञ डा चिरञ्जीवीप्रसाद पोखरेल बाघको संख्या बढेका कारण घटनाहरू थपिएको बताउँछन् । पूर्ववत् अवस्थामा भन्दा फरक ढङ्गले सावधानी अपनाएर काम गरेमा बाघबाट बच्न सकिने उनको भनाइ छ । संख्या बढेसँगै बाघका बासस्थान फैलिँदै गएका छन् । जंगलभित्र जानुअघि वन्यजन्तुबाट बच्नका लागि अपनाउनुपर्ने विधिका बारेमा ज्ञान राख्नुपर्ने उनी बताउँछन् ।

संख्या बढेकाले मानिसहरूसँग जम्का भेट हुने र घटना बढेको छ । वन क्षेत्रमा आहारा प्रजाति पुगेकै कारण बाघ बस्तीमा पसेका घटना कम भएको पोखरेलको अनुमान छ । बाटोहरू निर्माण गर्दा वन्यजन्तुमैत्री बनाउन सकेमा यस्ता घटना कम हुने उनी बताउँछन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेल बाघको संख्या बढेकै कारण आक्रमणका घटना थपिएको बताउँछन् । बाघ छ भन्ने थाहा पाएर पनि सावधानी विना मानिस जंगल जाँदा अकालमै ज्यान गुमाउनु परेको उनको भनाइ छ ।

सामुदायिक वनहरूमा समूहमा प्रवेश गर्ने, हात्ती वा हेरालुको आवश्यकताअनुसार सहयोग लिने गर्न सकेमा घटना कम हुने उनले बताए । *रासस*

## करेन्ट लागेर मृत्यु

**कैलाली (प्रस)–** जोशिपुर गाउँपालिका–३ फाडिया बस्ने २० वर्षीया पुजा कठरियाको करेन्ट लागेर मंगलबार मृत्यु भएको छ । आफ्नो घर नजिकै रहेको मोटर जडान भएको नल्कामा पानी भर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको उपचारको लागि टिकापुर लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।


## राहदानी हरायो

मिति २०७९/०१/०५ गते महाराजगञ्ज, चक्रपथबाट कपन आउँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **सोसिमा श्रेष्ठ राजभण्डारी**
राहदानी नं : ०६४२५८८०
ठेगानाः ओखलढुंगा गा.वि.स–५, ओखलढुंगा
फोन नं : ९८६००९८८०५



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOWER RIDERS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/२५ LT. No. 264570 चलानी नं. ६०१८०७२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 15 | 0 | 120 | ४८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालयमा असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ELITE GURKHAS OVERSEAS (P) Ltd.
**Elite Gurkhas Overseas Pvt. Ltd.**
Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
श्रम ईजाजत नं.५३५/०६१/०६२ Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAFE DIBAL IDAFI FOR BEVERAGES

पूर्व स्वीकृति मिति २०७९/०२/२४ LT. No.264522 चलानी नं.६०१८०६१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 1400 | ४६,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार ३ गते (17th June. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४
**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED FLOATING CITY

पूर्व स्वीकृति मिति २०७७/१०/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२४ LT. No. :235729 चलानी नं.६०१५४१६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Public Buildings | 7 | 0 | 100 | ३२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor, Kathmandu-31, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## सूचना। सूचना।। सूचना ।।।

यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि.मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**बर्खास्त भएको स्टाफहरूको नाम :**

| S. NO. | NAME | ADDRESS | CITIZENSHIP NO. | REMARKS |
|---|---|---|---|---|
| 1 | Kumari Gurung | Boudha -06, Kathmandu, Bagmati | 12932 (Ka) | |
| 2 | Parbati Dhakal | Sanischare-6, Morang, Koshi | 1008/905 | |
| 3 | Sunil Adhikari | Khokling -2, Taplejung, Mechi | 54933/3190 | |
| 4 | Kamal Baskota | Topgachi -9, Jhapa, Mechi | 04-02-72-02881 | |
| 5 | Ganga Bahadur Adhikari | Barahbise- 8, Sankhuwasabha, Koshi | 101005/166 | |
| 6 | Babita Thapa | Ithari -. 5, Sunsari, Koshi | 116455 | |
| 7 | Chul Prasad Shrestha | Pokhara -7, Kaski, Gandhaki | 2159 | |
| 8 | Dhan Kumari Shrestha | Dulegaunda -8, Tahanun, Gandhaki | 187 | |
| 9 | Chahak Man Thapa | Khokling -3, Taplejung, Mechi | 30433/3062 | |
| 10 | Manisha Bist | Shreepur -4, Kailali, Seti | 76-18-70/00514 | |
| 11 | Sameep Limbu | Nalbu -6, Taplejung, Mechi | 01-01-72-00216 | |

**नयाँ नियुक्ति भएको स्टाफहरूको नाम**

| S. NO. | NAME | ADDRESS | CITIZENSHIP NO. | REMARKS |
|---|---|---|---|---|
| 1 | Puspa Rana | Devdaha-8, Rupandehi, Lumbini | 23215 | |
| 2 | Subhash Sapkota | Sankhupatichaur-6, Kavre, Bagmati | 30-01-066-3782 | |
| 3 | Chhring Dolma Sherpa | Solududhkunda -1, Solukhumbu, Sagarmatha | 11-01-75-01244 | |
| 4 | Shila Gurung | Dagihaat -4, Morang, Mechi | 052020/1018 | |

Jupiter Overseas Concern (P) LTD. Kathmandu, Nepal
**Jupiter Overseas Concern Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal,Tel: +977-1-4562605, 4564178
Email: info@jupiteremployment.com, Web: www.jupiteremployment.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW DANA HYPERMARKET

पूर्व स्वीकृति मिति २०७९/०२/२५ LT. No. 264569 चलानी नं. ६०१८०६०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 5 | 0 | 1500 | ५१,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 5 | 0 | 1500 | ५१,१९० | | | | | | | |
| 3 | Driver | 2 | 0 | 2000 | ६८,२५० | | | | | | | |
| 4 | Labourer | 8 | 0 | 1000 | ३४,१२५ | | | | | | | |
| 5 | Salesman | 25 | 5 | 1500 | ५१,१९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः असार २ गते (16th June 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALL RAHIM MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544419, 4544429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAWARMAJI MEALS COMPANY IS A ONE PERSON COMPAMY.

पूर्व स्वीकृति मिति २०७८/१२/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२५ LT No.259838 चलानी नं.६०१७६४१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 4 | 0 | 1000 | ३३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GULF TIMING CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७८/०८/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२५ LT No.253117 चलानी नं.६०१६९८९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Inspire International Employment Pvt. Ltd.
श्रम ईजाजत नं. १३६३/०७४/०७५
**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com



## ZERO COST RECRUITMENT FOR MALAYSIA
## सून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

Free Visa! Free Ticket, Free Medical. No Any Service Charge
निःशुल्क भिषा, टिकट, स्वास्थ्य जाँच र कुनैपनि सेवा शुल्क नलाग्ने

कम्पनी : SUMITOMO ELECTRIC INTERCONNECT PRODUCTS (M) SDN. BHD.

Pre Approval Date : 2022-06-08 LT. No. 264613 Invoice No. 60180667
पूर्व स्वीकृति मिति : २०७९/०२/२५ एल टि न. २६४६१३ चलानी नं. ६०१८०६६७

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिगिंट MYR | मासिक तलबः Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | सामान्य कार्यकर्ता General Workers | ५० 50 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,४१५ 42,415 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

कम्पनी : LYONDELLBASELL ADVANCED POLYMERS (MALAYSIA) SDN. BHD

Pre Approval Date : 2022-06-08 LT. No. 264614 Invoice No. 60180666
पूर्व स्वीकृति मिति : २०७९/०२/२५ एल टि न. २६४६१४ चलानी नं. ६०१८०६६६

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिगिंट MYR | मासिक तलबः Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | सामान्य कार्यकर्ता General Workers | २० 20 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,४१५ 42,415 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Candidates are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. If any one pays for this recruitment MHR do not have any responsibilities .**

यस मास ह्युमन रिसोर्स प्रा.लि को कुनै शाखा वा मध्यस्वकर्ता छैनन् । यस कम्पनीमा जानका लागि कामदारबाट कुनैपनि शुल्क लिइने छैन यदि कसैले लिएमा यस प्रा. लि. जिम्मेवार हुने छैन ।

**नोटः** MHR holds zero tolerance towards any kind of corruption, misconduct. All our valuable stakeholders are welcome to reach us through our hotline no. **+977-1-4983080** or email : **grievance.massmngt@gmail.com** directly. MHR will maintain your privacy.
हामी कुनैपनि प्रकारको भ्रष्टाचार/ दुराचार प्रति शून्य सहनशीलता राख्छौं । हाम्रा सबै मूल्यवान सरोकारवलाहरुलाई हाम्रो हटलाइन नम्बर वा इमेल मार्फत सम्पर्क गर्न अनुरोध छ । हामी तपाईको गोपनियता कायम राख्नेछौं ।

**अन्तरवार्ता हुने स्थानः म्यानवापर कम्पनी काठमाडौं मिति : असार २ गते (16th June. 2022) मा हुनेछ ।**

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MHR **Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, KTM, Nepal, TEL: 4983088, 4955765

# प्रभाव दैनिक


## ताराको 'ताँती' सार्वजनिक

गीतकार तारा अधिकारीको नयाँ गीत 'ताँती'को म्युजिक भिडियो सार्वजनिक भएको छ। सुनौलो तारा मोसन पिक्चर्स युट्युब च्यानलबाट आएको गीतमा राजनराज शिवाकोटी र अस्मिता अधिकारीको स्वर छ भने संगीत राजनराज शिवाकोटी र संगीत संयोजन बिजेश्वर राज तण्डुकारको छ। गीतलाई राजेश्वर राज तण्डुकारले मिक्सिङ गरेका हुन्। गीतको भिडियोमा नाजिर हुसेन र दिप्सिना अधिकारीको अभिनय छ। शान थापाको निर्देशनमा तयार भएको भिडियोलाई अर्जुन तिवारीले छायांकन र सुप्रिम पराजुलीले सम्पादन गरेका छन्।








# मिस नेपाल वर्ल्डका सहभागीलाई 'आइआइएफटीको पहिरन

**काठमाडौं (प्रस)**– नेपालको लोकप्रिय सौन्दर्य प्रतियोगिता 'मिस नेपाल वर्ल्ड-२०२२ 'का प्रतियोगीहरूले यसवर्षको ओपनिङ राउण्डमा इन्टरनेसनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी (आइआइएफटी)का विद्यार्थीहरूले डिजाइन गरेका पहिरनमा उपस्थिति जनाउने भएका छन्। यस पटकको प्रतियोगितामा २४ सुन्दरीले प्रतिष्पर्धा गर्दै छन्।

४ असारमा हुने ग्राण्ड फिनालेमा आइआइएफटीबाट फेसन डिजाइनिङ ग्राजुएट गरेका डिजाइनरहरूले तयार पारेको डिजाइनिङ पहिरनमा प्रस्तुत हुन लागेका हुन्। आइआइएफटीबाट ग्राजुएट १० जना फेसन डिजाइनरहरू यतिबेला २४ जना सुन्दरीका लागि पहिरन तयार गर्न व्यस्त छन्।

फेसन डिजाइनरहरू पेशल खड्का, पम्फा श्रीष मगर, संगीत आचार्य, गीता मिश्र, सविता महर्जन, सरिता श्रेष्ठ, दिलमाया मगर, राजन शाह, सविता चेम्जोङ र सुनैना शाहीले आइआइएफटीका निर्देशक विपना थापाको निर्देशन र एकेडेमिक हेड सविन ढुंगानाको निरीक्षणमा प्रतियोगीका लागि परिहन तयार गरिरहेका छन्।

डिजाइनरहरूले २४ प्रतियोगीका लागि चार वटा थिममा पहिरन तयार गरिरहेको आइआइफटीले जनाएको छ। तर, थिमबारे खुलाइएको छैन।

आईआईएफटीले छोटो समयमै हजारौं फेसन डिजाइनरह उत्पादन गरिसकेको छ। काठमाडौंको बागबजार र कमलादीस्थित हेरिटेज प्लाजा तथा ललितपुरको कुमारीपाटीमा रहेको आइआइएफटीले फेसन डिजाइनिङका अलावा इन्टेरियर डिजाइनको पनि अध्यापन गराउन सुरु गरेको छ। यसअघि आइआइएफटीले दर्जनौं इभन्टहरूमा पहिरनका लागि संयोजनको काम गरिसकेको छ।

# मिस धरान-२०२२ आयोजना हुने




■ प्रभाव संवाददाता

**धरान**– धरानका युवतीहरूको प्रतिभा प्रस्फुटनको लागि फेशन हब नेपाल तथा ब्ल्याक पिग इन्टरटेनमेन्टको आयोजनामा सौन्दर्य प्रतियोगिता 'मिस धरान-२०२२' आयोजना हुने भएको छ।

कम्तीमा एसइई उत्तीर्ण तथा १२ कक्षा पढ्दै गरेका धरानका युवतीहरूलाई सहभागी गराइने कार्यक्रम यो वर्षदेखि धरानमा आयोजना हुँदै आएको छ।

आयोजक ब्ल्याक पिग इन्टरटेनमेन्टका निर्देशक हरिहाङ्ग तिगेलाका अनुसार मिस धरान २०२२ को आवेदन खुल्ला गरिएको छ भने अनलाइनसँगै एसएमएसबाट समेत आवेदन दिन सकिने छ।

आवेदन निःशुल्क गरिएको छ। मिस धरानको अफिसियल फेसबुक पेजमा रहेको अनलाइन फर्म अथवा मोबाइलबाट म्यासेज पठाएर भर्न सकिन्छ।

अनलाइन तथा एसएमएसबाट आएका आवेदनहरूका आधारमा असार दोस्रो साता मिस धरान २०२२ को अडिसन सुरु हुनेछ। मिस धरान २०२२ को कोरियोग्राफी मिस तामांग २०१९ प्रदेश १ बिजेता तथा मिस टुरिज्म क्विन वर्ल्डवाइड २०१९ मा बेस्ट इस्माइलको टाइटल विजेता प्रोजिता लामाले गर्ने छिन्।

अडिसनबाट छानिएका प्रतियोगीहरूलाई बीस दिन व्यक्तित्व विकास, फेशन, ऱ्याम्प वर्क, सौन्दर्य, पर्यटन, इतिहास, क्याटवर्कलगायतका अन्य विभिन्न विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञहरूबाट प्रशिक्षण दिइने छ। मिस धरान २०२२ बिजेता, फर्स्ट रनर अप, सेकेन्ड रनर अपसंगै मिस ट्यालेन्ट, मिस फोटोजेनिक, मिस चार्मिङ, मिस ब्यूटिफुल स्माइल र मिस पर्सनालिटी, मिस ब्यूटिफुल कम्प्लेक्सन लगायतका बिभिन्न सब -टाइटलको उपाधिसँगै बिजेताहरूलाई आकर्षक पुरस्कारको समेत व्यवस्था गरिएको छ।

# महाबुलाई चलचित्र छायांकनस्थलको रूपमा प्रचार गरिने

**सुर्खेत (प्रस)**– दैलेख र जाजरकोटको संगमस्थल महाबु क्षेत्रलाई चलचित्र छायांकन स्थलको रूपमा प्रचार प्रसार गरिने भएको छ।

चलचित्र छायांकनका लागि छनोट भएको महाबु क्षेत्रको पूर्वाधार विकास निमार्णका लागि संघीय सरकारसँग पनि हातोमालो गर्दै प्रचार प्रसारलाई तीव्र बनाउन लागिएको कर्णाली प्रदेश सरकारले जनाएको हो।

सरकारले आफ्ना नीति तथा कार्यक्रमार्फत चलतित्र छायांकनस्थलको रूपमा महाबुको पूर्वाधार निर्माणमा सहयोग गर्ने पनि जनाएको छ।

'चलचित्र छायांकनका लाागि छनोट भएको दैलेख कालिकोट जिल्लाको संगमस्थल महाबु क्षेत्रमा आवश्यक पूर्वाधार विकास गर्न नेपाल चलचित्र विकास बोर्ड र निजी क्षेत्रसँग समन्वय गरिने छ,' मंगलबार जारी नीति तथा कार्यक्रममा उल्लेख छ।



## विश्वकप क्रिकेट लिग-२

# नेपालले आज ओमानसँग पहिलो खेल खेल्दै

■ प्रभाव संवाददाता

**टेक्सस**– विश्वकप क्रिकेट लिग २ अन्तर्गत नेपाली राष्ट्रिय क्रिकेट टोलीले आफ्नो पहिलो खेल जुन ९ (आज) मा खेल्दैछ। लिगमा सहभागिताका लागि अमेरिका भ्रमणमा रहेको नेपाली टोलीले ओमानसँग पहिलो खेल खेल्नेछ। लिग अन्तर्गत अमेरिकामा सञ्चालन भइरहेको सिरिजमा नेपाल, ओमान र अमेरिका रहेका छन्।

सिरिज अमेरिकाको टेक्सस राज्यको ह्युष्टन सहरमा रहेको मोसा स्टेडियम सञ्चालन हुनेछ। नेपाली राष्ट्रिय क्रिकेट टोलीले विश्व कप क्रिकेट लिगको खेलहरूमा सहभागिता जनाउनु अघि तयारी स्वरूप एनआरएनए एनसिसी युएसए कपमा सहभागिता जनाएको थियो।

लिगका लागि तयारीमा व्यस्त रहेको टोलीले अमेरिकामा सञ्चालन हुने विश्व कप क्रिकेट लिग २ को खेल अघि गत बिहीबार नेपाली अल स्टार क्लबसँग र दोस्रो खेलमा ह्युष्टन हुरिकेनसँग प्रतिस्पर्धा गरेको थियो।

जसमा पहिलो खेलमा अल स्टारसँग नेपाली राष्ट्रिय टोली ४ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा सन्दीप लामिछानेले आराम गर्दा कप्तानी गरेका रोहित पौडेलको १ सय १ रनको मद्दतमा नेपाली राष्ट्रिय टोलीले ह्युष्टन हुरिकेनलाई २९ रनले पराजित गरेको थियो।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् अमेरिकाको तत्वाधानमा भएको प्रतियोगितामा संघले नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई अमेरिकामा व्यवस्थापनको जिम्मेवारी लिएको नेपाली अल स्टार क्लबलाई २० हजार डलर सहयोग गरेको थियो। साथै संघले अन्य विभिन्न खालका सहयोग समेत गरेको थियो।

एनआरएनए एनसिसी युएसए कपको समाप्तिपछि आयोजित कार्यक्रममा संघका तर्फबाट अध्यक्ष बुद्दिसागर सुबेदी, वरिष्ठ उपाध्यक्ष कृष्ण जिवी पन्त, उपाध्यक्ष सुमन थापा, सचिव अनुप खनाल लगायतले विजयी तथा उपविजयी खेलाडी, टोली र अफिसियलहरूलाई अवार्ड तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो। नेपाली राष्ट्रिय टोलीलाई तयारीका लागि सहज होस् भन्ने उद्देश्यले एनआरएनए एनसिसी युएसए कप आयोजना गरिएको थियो।

यसैबीच, संघको टेक्सस च्याप्टरले शनिवार स्वागत तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। च्याप्टरका उपाध्यक्ष गंगा शर्माको अध्यक्षता, सचिव डा. चण्डी भण्डारीको सञ्चालन र सहसचिव राजन भट्टराईको स्वागत मन्तव्य रहेको कार्यक्रममा संघका अध्यक्ष बुद्दिसागर सुबेदी, वरिष्ठ उपाध्यक्ष कृष्ण जिवी पन्त, उपाध्यक्ष सुमन थापा, सचिव अनुप खनाल, नेजाका महासचिव सुरज भण्डारी, एएनएका अध्यक्ष विजयराज भट्टराई, एनएसटीका अध्यक्ष राजेन्द्र वाग्ले, एनएसटीका महासचिव एवं एनआरएनए यूथ कमिटी चियर सन्देश उप्रेती, क्षेत्रीय संयोजक सुजन पण्डित, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य प्रकाश तिमल्सिना, खेलकुद पत्रकार मञ्चका महासचिव प्रज्ज्वल वली, पत्रकारहरू विनोद पाण्डे, किशन रेग्मी, नपलिज एसोसिएसन अफ ह्युष्टनका अध्यक्ष विष्णु नेपाल, सिएनएफका अध्यक्ष कृष्ण न्यौपाने, नेपाल हेरिटेजका अध्यक्ष कर्ण बोगटी, डा. विजय झा, सतिश त्रिपाठी लगायतले धारणा राखेका थिए।

आइसिसी क्रिकेट वर्ल्ड कप लिग टु मा रहेका ७ देशहरू विश्व कपका लागि छनौट हुन प्रतिस्पर्धामा छन्। अहिले सम्म अंक तालिकामा ओमान ३२ खेल खेल्दै १९ जित सहित ४० अंक सहित शीर्ष स्थानमा रहेको छ। यसैगरी स्कटल्याण्ड १६ खेलमा ११ मा जित निकाल्दै २४ अंक सहित दोस्रो स्थानमा रहेको छ। यस्तै, युएई १८ खेलमा १० जित निकाल्दै २२ अंकाका साथ तेस्रो स्थानमा, नामिबिया १४ खेलमा ७ मा जित निकाल्दै १४ अंकाका साथ चौथो स्थानमा, युएसए १६ खेलमा ७ मा जित निकाल्दै १४ अंकाका साथ पाँचौं स्थानमा, नेपाल १२ खेलमा ६ मा जित निकाल्दै १२ अंकाका साथ छैटौं र पपुवा न्यूगिनी २० खेलमा १ मा जित निकाल्दै २ अंकाका साथ सातौं स्थानमा रहेको छ।



नेपालको टोलीमा सन्दीप लामिछाने (कप्तान), आसिफ शेख (विकेटकिपर), कुशल भुर्तेल, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, विनोद भण्डारी (विकेटकिपर), सुनिल धमला, देव खनाल, आदिल अन्सारी, करण केसी, सोमपाल कामी, सुशासन भारी, किशोर महतो र सागर ढकाल रहेका छन्।

# नवनियुक्त अध्यक्ष शाहीलाई नियुक्तिपत्र हस्तान्तरण

■ प्रभाव संवाददाता



**काठमाडौं**– युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान एवं खेलग्राम पूर्वाधार निर्माण विकास समितिको अध्यक्षमा नियुक्त भएका सुवास शाहीलाई बुधबार नियुक्तिपत्र हस्तान्तरण गरेका छन्।

मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले शाहीलाई अध्यक्ष र कल्पना दियाकोटीलाई सदस्य पदमा मनोनीत गर्ने निर्णय गरेको थियो। कार्यक्रममा मन्त्री गहतराजले फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान नेपाली खेलकुदकै 'ड्रिम प्रोजेक्ट' भएकाले राम्रोसँग जिम्मेवारी बहन गर्न आग्रह गरे।

त्यस्तै अध्यक्ष सुवास शाहीले निर्धारित समयमा रंगशाला र खेलग्राम निर्माणको कार्य सम्पन्न गराउन आफू दिनरात मेहनत गर्ने प्रतिबद्धता व्यक्त गरे। शाहीले आगामी तीन वर्षभित्र अन्तर्राष्ट्रिय रंगशालाको निर्माण कार्य पूरा गरी सरकारलाई हस्तान्तरण गर्ने विश्वास व्यक्त गरे। राष्ट्रिय प्राथमिकताको फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माण सुरु गर्न सरकारले फाप्ला क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति आदेश-२०७९ जारी गरेको थियो।

# क्यानद्वारा नेपाल टी-२० का लागि गभर्निङ काउन्सिल गठन

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल क्रिकेट संघ (क्यान)ले आफ्नो आधिकारिक क्रिकेट लिग नेपाल टी २० को लागि गभर्निङ काउन्सिलको घोषणा गरेको छ।

काउन्सिलमा क्यानले इन्डियन क्रिकेटर्स एसोसिएसनका अध्यक्ष अशोक मल्होत्रालाई मानार्थ सदस्य बनाएको छ।

मल्होत्रा भारतीय क्रिकेट टिमका पूर्व प्रशिक्षक हुन्। क्यानले मल्होत्राको आगमनले प्रतियोगितालाई उत्कृष्ट स्तरमा चलाउन सकिने विश्वास व्यक्त गरेको छ। क्यानले घोषणा गरेको काउन्सिलमा निर्देशक- कार्यवाहक सचिव प्रशान्तविक्रम मल्ल, कार्यकारी सदस्य दुर्गाराज पाठक, मिडिया कमिटी सदस्य भानुभक्त सिग्देल र प्रतियोगिताको व्यावसायिक तथा रणनीतिक साझेदार सेभेनथ्रीस्पोर्टसका संस्थापक तथा प्रबन्ध निर्देशक जतिन अहलुवालिया छन्।

नेपाल टी २० का लागि क्यानले यसअघि नै ६ टिमको नाम टुङ्गो लगाइसकेको छ।

असोज आठ गतेदेखि कार्तिक पाँच गतेसम्म हुने प्रतियोगिताको लागि क्यानले टिमको लागि ६ नाम विराटनगर, जनकपुर, काठमाडौं, पोखरा, लुम्बिनी-भैरहवा र फार वेस्टर्न राखेको छ।

# पाकिस्तान सरकारलाई पूर्वप्रधानमन्त्री खानको चुनौती

**इस्लामावाद–** पाकिस्तानका पूर्वप्रधानमन्त्री एवं पाकिस्तान तहरीक-ए-इन्साफ(पिटिआई)का अध्यक्ष इमरान खानले 'आजादी मार्च' जारी राख्ने प्रतिबद्धता व्यक्त गर्दै आफूलाई रोक्न शहबाज सरिफ नेतृत्वको सरकारलाई चुनौती दिएका छन् । बानी गालामा वकिलहरूको भेलालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री खानले आफ्नो पार्टीका सदस्यलाई जेलमा हालियोस् वा अन्य रणनीति अपनाइयोस् तर पिटिआईको सरकारविरुद्धको आन्दोलन नरोकिने बताए ।

'उनीहरूले हामीलाई जसरी यातना दिए त्यो मार्शल लको युगमा पनि देखिएको थिएन,' अप्रिलमा प्रधानमन्त्रीको कार्यालयबाट हटाइएका खानले आन्दोलनलाई रोक्न र आफूलाई जेलमा हाल्न सरकारले खोजिरहेको बताउँदै उनले भने । आफूलाई जेलमा हाले पनि वा अन्य उपाय अपनाए पनि आन्दोलन नरोकिने दृढता पूर्वप्रधानमन्त्री खानले व्यक्त गरे ।

उनले आफूलाई जेलमा हाल्ने योजना बनाइएको बताए पनि चुनावको मिति घोषणा नभएसम्म आन्दोलन जारी रहने उल्लेख गर्दै आफूमाथि सरकारले षडचन्त्र गरेको आरोप लगाए । वर्तमान सरकारले देशको भविष्य अन्धकार पारेको पनि उनले बताए । यसैबीच, पाकिस्तान सरकारले तत्काल चुनाव गराउन अस्वीकार गर्दै आफ्नो कार्यकाल पूरा गर्ने बताएको छ । *रासस/एएनआई*

# दुई मन्त्रीसहित ६१ अमेरिकी अधिकारीमाथि रूसी प्रतिबन्ध

**मस्को–** रूसले ऊर्जा र अर्थमन्त्रीसहित ६१ जना अमेरिकी अधिकारीमाथि यात्रा प्रतिबन्ध लगाएको छ । ऊर्जामन्त्री जेनिफर ग्रानहोम र अर्थमन्त्री जेनेट येलेनसहित ६१ अमेरिकी नागरिकलाई आफ्नो भूमिमा प्रतिबन्ध लगाइएको रूसी विदेश मन्त्रालयले जनाएको छ । रूसी राजनीतिक एवं अन्य अधिकारीका साथै व्यापार प्रतिनिधिविरुद्ध अमेरिकी प्रतिबन्धको बदलामा मस्कोले अमेरिकी नागरिकमाथि यात्रा प्रतिबन्ध लगाएको हो । विदेश मन्त्रालयले अग्रणि सैन्य-औद्योगिक निगम, रेटिङ एजेन्सी, विमान र जहाज निर्माण कम्पनीका प्रमुखलगायत अमेरिकी नागरिकलाई प्रतिबन्धको सूचीमा समावेश गरेको छ । साथै रूसी साइबर हमलाबारे दुर्भावनापूर्ण झूठा समाचार फैलाउनमा संलग्न अमेरिकी विदेश मन्त्रालयका अधिकारीलाई पनि सूचीमा संलग्न गरिएको छ । बुचालगायत युक्रेनमा गरेको अत्याचारको विरोधमा अमेरिकासहित औद्योगिक राष्ट्रको समूह (जी सेभेन) र युरोपेली संघ (इयू)ले रुसमाथि गम्भीर आर्थिक प्रतिबन्ध लगाएको छ ।

युक्रेनमा गरेको कारबाहीमा रूसलाई जवाफदेही बनाउने संयन्त्रको एक अंशको रूपमा अमेरिकाले मस्कोमाथि नयाँ लगानी प्रतिबन्ध लगाएको छ । अमेरिकी प्रतिबन्धमा रूसको सबैभन्दा ठूलो सरकारी र निजी बैंक, वित्तीय संस्था, राज्य-स्वामित्वका उद्यम र सरकारी अधिकारी तिनका परिवारका सदस्यलगायत परेका छन् । अमेरिकामा रूसीको सम्पत्ति रोक्का र आर्थिक कारोबार पनि बन्द गरिएको छ । *रासस/एएनआई*


## राष्ट्रिय आवास कम्पनी लि.

(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)

## बार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोस्रोपटक प्रकाशित मिति २०७९।०२।२६)**

मिति २०७९ जेष्ठ १७ गतेको कम्पनीको संचालक समितिको बैठक नं. ५७० को निर्णयानुसार राष्ट्रिय आवास कम्पनी लिमिटेड श्रीमहल पुल्चोक ललितपुर हाल- सम्पर्क कार्यालय बुद्धनगर काठमाडौंको १४ (चौधौं) वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएकोले सबै सेयरधनीज्यूहरू/संचालक सदस्यज्यूहरूको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति** :२०७९ साल आषाढ १० गते शुक्रबार (24th June 2022)

**स्थान** : राष्ट्रिय आवास कम्पनी लि. को कार्यालय, बुद्धनगर काठमाडौं ।

**समय** : बिहान ११:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरू :**

१. संचालक समितिको तर्फबाट कम्पनीका संचालक समितिका अध्यक्षज्यूले प्रस्तुत गरिने प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

२. आ.व. २०७७/०७८ को अन्तिम लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सेयर शहरी विकास मन्त्रालयमा सार्ने सम्बन्धमा ।

४. विविध :

**सदस्य सचिव तथा महा-प्रबन्धक**
**राष्ट्रिय आवास कम्पनी लि.**
**केन्द्रीय कार्यालय, श्रीमहल पुल्चोक ललितपुर**
**सम्पर्क कार्यालय, बुद्धनगर काठमाडौं**
**सम्पर्क नं. ०१-४७९७२१९**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-IBDAH AL-TAHAMI CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७९/०२/२४ LT No :264486 चलानी नं.६०१८०६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ५९,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Baba delivery company to transport parcels

पुर्व स्वीकृति मिति २०७९/०२/२५ LT. No. :264227 चलानी नं.६०१८०६४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 25 | 0 | 1400 | ४६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २ गते (16th June 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.** श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mashhour Car Decoration and Polishing Est

पूर्व स्वीकृति मिति : २०७९/०२/२५ LT. No. 264239 चलानी नं. ६०१६६२०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour. | 2 | 0 | 1000 | ३३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २ गते (16th June 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAG FASTENERS SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०२/२३ LT. No. 263754 चलानी नं. ६०१८०६७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD** श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PILOT COMPANY (PILOT PARTIES PROCESSINGS)

पूर्व स्वीकृति मिति २०७७/१०/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०२/२५ LT. No. :235998 चलानी नं. ६०१५४४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 15 | 15 | 1400 | ४७,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः असार २ गते (16th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Baby Angel International Pvt. Ltd.** Govt. License 940/067/068
Sinamangal - 9, Kathmandu, Nepal Tel: +977-1-4461353 / 4461179 Fax: +977-1-4461179
E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED AL-BARGHASH AL-MANSOORI AND SONS TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति :२०७९/०२/११ पुन विज्ञापन स्वीकृति मितिः २०७९/०२/२५ LT No.263641 चलानी नं. ६०१७९७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 10 | 0 | 1000 | ३३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 30 | 0 | 1000 | ३३,१२५ | | | | | | | |
| 3 | Drilling Worker | 10 | 0 | 1000 | ३३,१२५ | | | | | | | |
| 4 | Heavy Equipment Driver | 10 | 0 | 1800 | ५९,६२५ | | | | | | | |
| 5 | Heavy Truck Driver | 10 | 0 | 1800 | ५९,६२५ | | | | | | | |
| 6 | Spray Coating Agent | 5 | 0 | 1200 | ३९,७५० | | | | | | | |
| 7 | Tire Compound | 5 | 0 | 1200 | ३९,७५० | | | | | | | |

कम्पनी : MOHAMMED AL-BARGHASH AL-MANSOORI AND SONS TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति :२०७९/०२/११ पुन विज्ञापन स्वीकृति मितिः २०७९/०२/२५ LT No.263642 चलानी नं. ६०१७९७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Composing Agent | 25 | 0 | 1200 | ३९,७५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Oil And Gas Well Lining Agent | 25 | 0 | 1200 | ३९,७५० | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २ गते (16th June. 2022 )मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd** (Trans Asia Manpower Pvt.Ltd) Lic No. 1159/074/074
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
*Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np*



## रोमानिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORK INN LOCATIONS SRL

पूर्व स्वीकृति मितिः २०७८/११/१८ पुन विज्ञापन स्वीकृति मितिः २०७९/०२/२५ LT. No.258938 चलानी नं.६०१७५३०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 10 | 0 | 550 | ६८,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 650 | ८०,७६० | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ६८,३३५ | | | | | | | |
| 4 | General Worker | 70 | 10 | 550 | ६८,३३५ | | | | | | | |
| 5 | Housemaid | 0 | 10 | 550 | ६८,३३५ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ७०,०००/-

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः असार २ गते (16th June. 2022) मा हुनेछ ।**

कम्पनी : HABLI TRADING AND CONTRACTING

पूर्व स्वीकृति मितिः २०७८/०९/१९ पुन विज्ञापन स्वीकृति मितिः २०७९/०२/२५ LT. No.255084 चलानी नं.६०१७४१०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 1 | 0 | 1700 | ५८,०१५ | | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**अन्तरवार्ता : ईटहरी, सुनसरीको होटल ईस्टर्नमा असार ३ गते (17th June. 2022)मा हुनेछ भने सेन्टर प्वाइन्ट होटल बिर्तामोड, झापामा असार २ गते (16th June. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.N. Recruiting Service Pvt Ltd** Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9851123476
E-mail : snrecruitingnepal@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी – गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९७९०० | प्रति तोला - ९७४०० | प्रति तोला - १२७५ |

धितोपत्र बोर्ड ३० औ वार्षिकोत्सव

## पुँजी बजार अध्ययनका लागि समिति गठन



■ प्रभाव संवाददाता

**काठमाडौं–** पुँजी बजारको बर्तमान अवस्थाका बारेमा अध्ययन गर्न एक समिति गठन भएको अर्थमन्त्री जनार्दन शर्माले जानकारी दिएका छन् । धितोपत्र बोर्डको ३० औं बार्षिकोत्सवलाई सम्बोधन गर्दै उनले सो जानकारी दिएका हुन् ।

'पुँजीबजारमा देखिएका विविध समस्याहरूलाई समाधान गर्न र सुझाव प्रस्तुत गर्नका लागि अर्थ मन्त्रालय, राष्ट्र बैंकका गर्भनर, धितोपत्र बोर्डका अध्यक्षलगायत बसेर आजै मात्रै चार सदस्यीय सुझाव समिति गठन गरेका छौं' उनले भने । बुधबार बिहान मन्त्रालयमा भएको छलफलपछि धितोबोर्डको कार्यकारी निर्देशक संयोजक रहने गरी अर्थ मन्त्रालय र राष्ट्र बैंक एक-एक प्रतिनिधि तथा धितोबार्ड बोर्डको एक प्रतिनिधि सदस्य सचिव रहने गरी समिति बनाइएको हो । सो अध्ययन समितिले सरोकारवाला पक्ष सबैसँग छलफल गरेर तयार गरेको प्रतिवेदनले मौद्रिक नीति निर्माणमा सघाउ पुग्ने तथा पुँजी बजारमा देखिएको समस्या हल हुने अपेक्षा राखिएको छ ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री शर्माले पुँजीबजारलाई सुदृढ र बलियो बनाउन आगामी आर्थिक बर्ष ०७९-८० को बजेटमा प्राथमिकता दिएर सम्बोधन गरेको स्मरण गराए । आगामी आबको बजेट बक्तव्यको बुँदा नम्बर ३२९, ३३०, ३३१ र ३३२ नम्बर बुँदामा धितोपत्र सुधार, नियमन र सुपरिवेक्षणका बिषयहरू उल्लेख छन् ।

धितोपत्रको दोस्रो बजारमा गैरआवासिय नेपालीलाई लगानी खुल्ला गर्न कानूनी व्यवस्था गर्ने, बैदेशिक रोजगारीमा गएका नेपालीलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत सेयर आरक्षित गर्ने, एक अर्ब रूपैयाँ वा सो भन्दा बढीको पुँजी वा ५ अर्ब रूपैयाँ भन्दा बढीको कारोबार गर्ने कम्पनीलाई धितोपत्रको सार्वजनिक निष्काश गर्ने गरी सुचिकृत हुन लगाउनेलगायतको व्यवस्था बजेटमार्फत गरिएको छ ।

मन्त्री शर्माले पुँजीबजारको निरन्तर सुधार गरी लगानीकर्ताको हित संरक्षण गर्न सरकार प्रतिबद्ध रहेको जानकारी दिएका थिए । उनले पुँजीबजारका बारेमा नियमित सूचना प्रवाह गरी लगानीकर्तालाई ज्ञान अभिवृद्धि गर्न नियामक निकायहरूलाई निर्देशन पनि दिए । 'पुँजीबजार सम्बन्धि ज्ञान र बित्तीय साक्षरता हुनुपर्‍यो । तालिम दिन जनशक्ती परिचालन गर्नुपर्‍यो' उनले भने, 'अहिले यो अपर्याप्त भएको छ । गाउँ गाउँसम्म पुगेर नयाँ र साना लगानीकर्तालाई पुँजीबजारका बारेमा बुझाउने कुरामा कमी भएको छ ।' पुँजीबजारका नियामक निकायबीच समन्वय गरी साना, मझौला र ठूला लगानीकर्ताको समस्या समाधा गर्नुपर्ने, नविन प्रविधिको प्रयोग गरी सेयर कारोबार प्रभावकारी बनाउनुपर्ने, लगानीकर्तालाई गुनासो गर्न नदिने गरी बजार संचालन हुनुपर्नेलगायतका बिषयमा उनले जोड दिएका थिए ।

अर्थमन्त्री-गर्भनरबीच बोलचाल सुरु

## मौद्रिक नीतिबारे छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकको गर्भनरमा नियुक्त भएका महाप्रसाद अधिकारी र हालका अर्थमन्त्री जनार्दन शर्माबीच भएको टकरावका कारण बोलचाल नै बन्द भएको थियो । अर्थमन्त्री शर्माले गत महिना गर्भनरबाट निलम्बन गरेपछि सुरु भएको विवाद अन्त्यमा आएर बोलचाल नै बन्द भएसंगै अर्थ र राष्ट्र बैंकबीच खासै छलफल समेत भएको थिएन । विवादकै बीच अदालतबाट पुनःवहाली भएका गर्भनर अधिकारीले राष्ट्र बैंकको वार्षिकोत्सवमा समेत अर्थमन्त्री शर्मालाई नबोलाई अर्थसचिबलाई प्रमुख अथिति बनाएर कार्यक्रम गरेसंगै उनीहरूबीच ठूलो टकराव भएको प्रमाणित हुन्छ ।

यसैबीच गत जेठ १६ गते अर्थमन्त्रालयमा भएको आर्थिक वर्ष २०७९/८० को बजेटका बारेमा हुने पत्रकार सम्मेलनमा समेत अर्थमन्त्री शर्मा र गर्भनर अधिकारीबीच कुनै बोलचाल वा औपचारीक देखादेख भए पनि बोलचाल भएन । तर, पछिल्लो समयमा भाएर राष्ट्र बैंकले





जारी गर्ने मौद्रिक नीतिकै कारण गर्भनर अधिकारी र अर्थमन्त्री शर्माबीच अर्थमन्त्रालयमा ४५ मिनेट छलफल गरेर बोलचाल सूरु भएको अर्थका कर्मचारीले बताएका छन् ।

आगामी मौद्रिक नीतिका सम्बन्धमा राष्ट्र बैंकका गभर्नर अधिकारीले अर्थमन्त्री शर्मासँग बुधबार बिहान मन्त्रालय पुगेर परामर्श गरेसंगै पुनः बोलचाल भएको हो । निलम्बन र पुनर्वहाली प्रकरणपछि राष्ट्र बैंकको एजेण्डा बोकेर उनी पहिलो पटक अर्थमन्त्री शर्मा भेट्न मन्त्रालय पुगेका हुन् । यसअघि पनि मन्त्रीसँग भेटघाट भएपनि त्यो औपचारिक कार्यक्रमको शिलशिलामा थियो ।

तर, बोलचाल भने भएको थिएन । अर्थमन्त्री शर्माले आगामी बर्षको बजेट ल्याएपछि गभर्नर अधिकारीले आगामी बर्षको मौद्रिक नीतिको तयारीमा जुटेका छन् । अर्थमन्त्री शर्माले आठ प्रतिशतको आर्थिक वृद्धि र सात प्रतिशतभित्र मूल्य वृद्धि राख्ने बजेटमार्फत घोषणा गरेपछि गर्भनर अधिकारीले सो बारे छलफल गर्न मन्त्रालयमा पुगेका थिए । सरकारले उच्च आर्थिक वृद्धि लक्ष्य राखेको छ । बजेटको लक्ष्यहरूलाई भेट्टाउने गरी राष्ट्र बैंकले मौद्रिक नीति ल्याउने अर्थमन्त्री शर्माले सार्वजनिक कार्यक्रममा बताउँदै आए पनि सो बारे छलफल गर्न गर्भनर अधिकारी मन्त्रालयमा गएको स्रोतको भनाई रहेको छ । असार अन्तिमसम्म मौद्रिक नीति ल्याउने तयारीमा राष्ट्र बैंकको टिम लागि परेको छ । राष्ट्र बैंकले सरोकारवालासँग रायसुझाब माग्न थालिसकेको छ । गभर्नर आफ्नो सानो टिम लिएर गएका थिए भने अर्थमन्त्रीसँग सचिव, सहसचिवहरूको समूह रहेको थियो ।

गभर्नर अधिकारीले आगामी बजेटका लक्ष्यहरूलाई सघाउ पुग्ने गरी मौद्रिक नीति तर्जुमा गर्ने बताउदै आएका छन् । अर्थमन्त्री शर्माले भने बजेटलाई सहयोग पुग्ने गरी मौद्रिक नीति ल्याउन र राष्ट्र बैंकले आफ्नो दायित्व पुरा गर्ने कार्यमा लाग्न समेत सुझाब दिएको स्रोतले बताएको छ । अर्थमन्त्री शर्माको पहलमा सरकारले गत चैतमा गभर्नर अधिकारीमाथि छानबिन गर्न समिति बनाएको थियो । छानबिन समिति गठन लगत्तै उनी निलम्बनमा परेका थिए । सर्बोच्चले गभर्नरलाई पुनःस्थापित गरिदिएपछि मन्त्रीसँग पहिलोपटक बुधबार औपचारिक छलफल भएको हो ।

## 'विकासको लक्ष्य हासिल गर्न साना मुलुकलाई सहयोग गर्नुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषद्का सभापति रामचन्द्र संघईले स्वीजरल्याण्डको जेनेभामा संचालन भईरहेको अर्न्तराष्ट्रिय श्रम सम्मेलनको ११० औ अधिवेशनलाई नेपालको रोजगारदाताको तर्फबाट सम्बोधन गरेका छन् ।

जेठ १३ गतेदेखि सुरु भएको सम्मेलनलाई संबोधन गर्दै रोजगारदाता परिषद्का सभापति संघईले कोभिड महामारीबाट विश्व अर्थतन्त्रमा परेको प्रभाव, श्रम बजार, सामाजिक-आर्थिक क्षेत्रमा छिटोछिटो भईरहेको परिवर्तनका कारण अतिकम विकसित मुलुकलाई शताब्दी विकासको लक्ष्य हासिल गर्न चुनौतीपूर्ण रहेको बताए । यसमा ठूला र सम्पन्न राष्ट्रहरूले साना राष्ट्रहरूलाई सहयोग गर्नुपर्नेमा उनको जोड थियो ।

सम्पूर्ण विश्वले बहुआयामिक चूनौतीको सामना गर्नु परिरहेको सन्दभ उल्लेख गर्दै उहांले अधिवेशनमा विस्तृत प्रतिवेदन प्रस्तुत गरेकोमा अर्न्तराष्ट्रिय श्रम संगठनका महानिर्देशकलाई धन्यवाद ज्ञापन गरे ।

राष्ट्रहरू बीचको बढ्दो अन्तरनिर्भरताका कारण कुनै पनि भागमा उत्पन्न हुने घटना, अशान्ति, अस्थिरताले सम्पूर्ण विश्वनै प्रभावित हुने तथ्य उल्लेख गर्दै सभापति संघईले खाद्यान्न तथा ईन्धनको सन्निकट विश्वव्यापी समस्यातर्फ ध्यानाकर्षण गराए । साथै उनले उक्त समस्या समाधानमा विश्व एकजुट हुनुपर्नेमा जोड दिदै यस्ता समस्याबाट विशेषगरी साना राष्ट्रहरू बढी प्रभावित हुनेमा चिन्ता व्यक्त गरे ।

स्थिरता र आपसी सहयोगको माध्यमबाटनै चूनौतीको सामना गर्न सकिने कुरामा जोड दिदै परिषद्का सभापति संघईले साझा हितका लागि सहकार्य गर्न विश्व समूदायलाई आग्रह गरे । कोभिडविरुद्धको खोपबाट संक्रमण निकै घट्न गएको भएपनि यो पुरै निर्मुल भई नसकेकाले सर्तक रहनु पर्नेमा जोड दिए । उपाध्यक्ष संघईले कार्यशैली र कार्य वातावरणमा पछिल्लो पटक निकै धेरै परिवर्तन भैसकेकाले नयाँ वातावरणमा काम गर्न स्वास्थ्य उपचार, सामाजिक सुरक्षा र कार्य स्थल सुधारको आवश्यकता औंल्याए ।

कोभिड महामारीबाट भएको नोक्सानीको क्षतिपूर्ति एवं पुनरूत्थानतर्फ प्रयत्नशिल रहेको अवस्थामा उच्च व्यापार घाटा, नकारात्मक शोधानान्तर स्थिति, न्यून लगानी एवं तरलता अभाव लगायतबाट नेपाली उद्योग व्यवसाय प्रभावित हुन पुगेको जानकारी उनले गराए ।

श्रम बजारको स्वरूपमा भईरहेको परिवर्तनले नयां सीपयुक्त जनशक्तिको माग बढीरहेको बताए । काम गर्ने वातावरण र जनशक्तिको समायोजन गर्नुपर्ने आवश्यकताका साथै सूचना प्रविधिको बढदो प्रयोग र डिजिटल माध्यमबाट हुने कामले श्रम सम्बन्धमा परिवर्तन भईरहेको दावी उनको थियो ।

विभिन्न चुनौती र समस्याका बाबजुद नेपालको निजी क्षेत्र आर्थिक वृद्धितर्फ उन्मूख रहेको उनले विश्व समुदायसमक्ष बताए । साना तथा मझौला उद्योगको प्रवर्द्धन, सामाजिक सुरक्षा, काम गर्ने वातावरणको सुधार, कार्यस्थलमा हुने हिंसा र दुर्व्यवहारको निवारण एवं केन्द्रदेखि प्रतिष्ठानस्तरसम्म सामाजिक संवादको प्रवर्द्धन लगायतका कार्यक्रमलाई प्राथमिकता राखी काम गरिरहेको उनले बताए । अर्न्तराष्ट्रिय श्रम संगठनले निर्वाह गरिरहेको भूमिकाको सराहना गर्दै उपाध्यक्ष संघईले अन्तर्राष्ट्रिय श्रम संगठनको नयाँ रणनीति सहित काम गर्ने र यसबाट सदस्य मुलुकले भोगीरहेका समस्या समाधान गर्न सहयोग पुग्ने अपेक्षा गरे ।

## पोसाक निर्यातमा अनुदानको माग

**काठमाडौं (प्रस)–** सरकारले तयारी पोसाकको निर्यातमा ८ प्रतिशत नगद अनुदान दिन सो क्षेत्रका व्यवसायीहरूले माग गरेका छन् । उच्च निर्यात हुने वस्तुहरूमा सरकारले आर्थिक वर्ष २०७९/८० को बजेट मार्फत ८ प्रतिशत नगद अनुदानको व्यवस्था गरेकोमा त्यसलाई कार्यन्वयनमा ल्याउनु पर्नेमा जोड दिए । सरकारले उच्च निर्यातको सम्भावना रहेका विभिन्न वस्तुको निर्यातमा ८ प्रतिशत नगद अनुदान दिने निर्णय गरे पनि तयारी पोशाकलाई भने गरेको छैन ।

## नेप्सेमा ६० अंकको उछाल

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार भने उच्च अंकले उकालो लागेको छ । आगामी आर्थिक वर्षको बजेट सार्वजनिक भएपछि लगातार ओरालो लागेको नेप्सेले बुधबार भने राहतको श्वास फेरेको छ । धितोपत्र बजारमा समस्या समाधानका लागि समिति गठन गर्ने विषयमा अर्थमन्त्री जनार्दन शर्मा र सम्बद्ध अधिकारीबीच भएको छलफलले पनि सकारात्मक वातावरण बनाएको जानकारहरूको टिप्पणी छ ।

ओरालो लागेको नेप्से परिसूचक थामिँदा कारोबार रकममा पनि सामान्य सुधार भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार बुधबार ६०.२२ अंकले नेप्से परिसूचक उकालो लागेर दुई हजार ८०.४४ अंकमा पुगेको छ । त्यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११.२५ अंकले उकालो लागेर ४००.३७ मा पुगेको छ ।

कूल २३१ कम्पनीको ५० लाख ५८ हजार ८१४ कित्ता सेयर रु एक अर्ब ६४ करोड तीन लाख ५६ हजार ६०८ बराबरको कारोबार भयो । बुधबारको कारोबारपछि बजार पूँजीकरण रु २ ९ खर्ब ६३ अर्ब ५७ करोड ९० लाख ७० हजार बराबर भएको छ ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ । बैंकिङ २९.३५, व्यापार ५८.२६, होटल तथा पर्यटन ९२.७४, विकास बैंक ११६.३९, जलविद्युत् ८४.६, वित्त ७४.९७, निर्जीवन बीमा ३२०.३, उत्पादन १५४.७४, अन्य ५७.७९, लघुवित्त १५४.८, जीवन बीमा २९३.१३, सामूहिक लगानी कोष ०.१७ र लगानी १.९१ अंकले उकालो लागेका छन् ।

कारोबारका आधारमा अरुण भ्याली हाइड्रोपावर शीर्ष स्थानमा छ । सो कम्पनीको रु पाँच करोड १२ लाख ४० हजार ३३२ बराबरको कारोबार भयो । कुमारी बैंक रु चार करोड ९९ लाख १५ हजार २४६, हिमालयन डिस्टिलरी रु चार करोड ९४ लाख ३५ हजार ८८२, नेपाल इन्भेस्टमेन्ट बैंक रु चार करोड ७४ लाख १० हजार ७३० र अपी पावर कम्पनीको रु चार करोड ५९ लाख ७४ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार उपकार लघुवित्त, सामुदायिक लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । बलेफी हाइड्रोपावर ९.९६, कालिका लघुवित्त ९.९५ र तेह्रथुम पावर कम्पनीका लगानीकर्ताले ९.४४ प्रतिशतले कमाए । त्यस्तै, माउन्टेन हाइड्रो नेपाल, ४.११, आरबिबी म्युचुअल फन्ड एक २.८६, नबिल ब्यालेन्स फन्ड दोस्रो २.८२, एनआइबिएल प्रगति फन्ड १.९० र हिमालयन बैंकका लगानीकर्ताले ०.९६ प्रतिशतले गुमाएका छन् ।

## विद्युतीय विजकबारे विभागसँग महासंघको परामर्श

■ प्रभाव संवाददाता

**काठमाडौं–** विद्युतीय माध्यमवाट विजक (ई-बिलिङ) जारी गर्ने बिषयमा नेपाल सुनचाँदी ब्यवसायी महासंघले आन्तरिक राजस्व विभागसँग परामर्श गरेको छ । महासंघका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले आन्तरिक राजस्व विभागका महानिर्देशक रितेशकुमार शाक्यसँग भेटगरी सम्वद्ध बिषयमा आवश्यक परामर्श गरिएको हो ।

आन्तरिक राजव विभागले हालै आर्थिक बर्ष २०७७/७८ र २०७८/७९ को मूल्य अभिवृद्धि कर तथा आय विवरण मध्ये कुनै एक आर्थिक बर्षको कारोबार रकम १० करोड भन्दा बढी जुनसुकै वस्तु तथा सेवाको कारोबार गरेका कर दाताहरूले अनिवार्यरूपमा विद्युतीय विजक जारी गर्नुपर्ने ब्यवस्था गरेको सूचना निकालेको छ । सोही बिषयमा देखिएको



अष्प्रष्टाका बारेमा महासंघका अध्यक्ष शाक्यले जिज्ञासा राखेका थिए ।

त्यसक्रममा विभागका महानिर्देशक शाक्यले विद्युतीय माध्यमवाट विजक जारी गर्ने बिषयमा थप प्रष्ट पार्दै विभागका महानिर्देशक शाक्यले १० करोड भन्दा बढी जुनसुकै वस्तु तथा सेवाको कारोबार गरेका कर दाताहरूले अनिवार्यरूपमा विद्युतीय विजक जारी गर्नुपर्ने ब्यवस्था गरिएको प्रष्ट पार्दै यसले लेखा प्रणालीलाई ब्यवस्थित वनाउन सहयोग पुऱ्याउने बताए । उनका अनुसार यो ब्यवस्था अनुसार विद्युतीय विजक जारी गर्दा त्यो केवल ब्यवसायीको लेखा प्रणालीमा मात्रै आवद्ध हुने छ । जसले ब्यवसायीलाई विद्युतीय कारोबार गर्ने वानी वसाल्ने उनको भनाई छ । महानिर्देक शाक्यसँगको भेटका क्रममा महासंघका उपाध्यक्ष विपिन रामुदामु लगायको उपस्थिति थियो । त्यसक्रममा सुनचाँदी ब्यवसायका बिभिन्न पक्षमाथि छलफल भएको थियो ।

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ